# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २४१ | काठमाडौं | शुक्रबार, १२ पुस २०८१ | Prabhab National Daily | Friday, December 27, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## महाधिवेशनका लागि कांग्रेस नेताहरूको दौडधुप

### सभापतिको दौडमा शेखर, शशांक, सिटौला र थापा



■ प्रभाव संवाददाता

**काठमाडौं–** महाधिवेशन नजिकिएसँगै नेपाली कांग्रेसका नेताहरू जिल्ला दौडाहामा निस्किन थालेका छन् । जिल्लामा लामो समय बस्ने, कार्यकर्तासँग नजिक हुने र आगामी रणनीति तयका लागि शीर्षदेखि केन्द्रीय सदस्यहरूले समानान्तर गतिविधि गर्न थालेका छन् ।

१४औं महाधिवेशनमा सभापतिमा मुख्य प्रतिस्पर्धी बनेका डा. शेखर कोइरालादेखि प्रवक्ता डा. प्रकाशशरण महतसम्म जिल्ला दौडाहामा छन् । शेखर बाहिरी रूपमै खुलेर लाग्दा प्रवक्ता महत भने गुपचुप पूर्वपश्चिम कुदिरहेका छन् ।

मंसिरमा कोशी प्रदेशमा विभिन्न कार्यक्रममा सहभागी भएका शेखर पुसमा भने सुदूरपश्चिम पुगेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवाको क्षेत्रमा पुगेर शेखरले १५ किलोको माला लगाउँदै आफू अबको सभापति बन्ने उद्घोष गरेका छन् । नेता कोइरालाले धनगढी पुगेर पार्टीको महाधिवेशन २०८२ मै हुनुपर्ने तर्कसमेत प्रस्तुत गरे । 'पार्टीको १५औं महाधिवेशन २०८२ मै हुनुपर्छ । इन्तु परन्तु अरु हुँदैन,' पुस ६ गते कोइरालाले भनेका थिए ।

उनले महाधिवेशनले नयाँ कार्यदिशा बनाउनेसमेत

> ⏭ शेखर कोइरालाले सभापति शेरबहादुर देउवाको गृहप्रदेश पुगेर १५ किलोको माला लगाउँदै आफू अबको सभापति बन्ने उद्घोष गरे
>
> ⏭ पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला पनि सभापति बन्ने दाउका साथ समानान्तर गतिविधिमा जुट्दै
>
> ⏭ १४औं महाधिवेशनमा शेखर गुटबाट महामन्त्री बनेका गगन थापा पनि बेग्लै प्यानल बनाएर नेतृत्वको दाबी पेस गर्ने तयारीमा

बताए । कोइराला सभापतिमा अघि बढिरहँदा उनको समूह भने कमजोर हुँदै गएको कांग्रेस नेताहरू बताउँछन् । १४औं महाधिवेशनमा गगन थापा र डा. मिनेन्द्र रिजालसँग गुटगट एकता गरी होमिएका शेखर अहिले एक्लै छन् । महामन्त्री गगन आफैं सभापतिको दाबी गर्ने तयारीमा छन् । गगनले बेग्लै गुट बनाउने तयारी गरेसँगै शेखर एक्लिएका हुन् । यता महामन्त्रीका अर्का उम्मेदवार मिनेन्द्र रिजाल भने अहिले कुनै टिममा देखिएका छैनन् ।

महामन्त्रीमा पराजित भएर पनि पार्टी सभापति देउवाको साथ पाएर प्रवक्ता बनेका डा. महत पनि गण्डकी प्रदेशदेखि कर्णाली प्रदेश पुगेका छन् । महत केही समयपछि कोशी जाने तयारीमा छन् । 'प्रवक्ताज्यू अहिले गण्डकी र कर्णाली पुगेर कार्यकर्ताको सुझाव लिएर आउनुभएको छ,' महतनिकट एक नेताले भने, 'केही समयपछि कोशीमा जानुहुन्छ ।' महत देउवाले जसलाई सभापतिको उम्मेदवार बनाउँछन् सोही समूहबाट पुनः महामन्त्रीको उम्मेदवार बन्ने तयारीमा छन् ।

सभापति देउवाको दोस्रो कार्यकाल २०८२ मंसिरमा सकिँदै छ । विधानतः उनी अब कांग्रेसको सभापति बन्न पाउँदैनन् । केन्द्रीय समितिमा ८० प्रतिशतभन्दा बढी बहुमत रहेको देउवा खेमाबाट उम्मेदवार बन्ने लाइनमा डा. शशांकदेखि सिटौलासम्म रहेका छन् । बुधबारमात्र रामेछाप-काठमाडौं सम्पर्क समितिको कार्यक्रममा कोइरालाले घुमाउरो पारामा आफूले पार्टीको लागि सबै त्यागेको उल्लेख गर्दै सभापतिमा दाबी पेस गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

### लिपुलेकमा भारत-चीनबीच सहमति

## 'राष्ट्रवादी' प्रधानमन्त्री ओली मौन

### सुशील कोइरालाले आपत्ति जनाउँदा भएको थियो निर्धारित भारत भ्रमण स्थगित



> भारत र चीनबीचको सहमतिले हाम्रो नक्सा प्रभाव पार्ने ढङ्गले गरेको होइन । त्यो उहाँहरूकै 'टेक्निकल' कुरा हो र त्यसबारे क्याबिनेटमा पनि लामो छलफल भयो । तर, निष्कर्ष चाहिँ हामीले चिन्ता लिनुपर्ने ढङ्गले सम्झौता भएको होइन ।
>
> **पृथ्वीसुब्बा गुरुङ**
> **प्रवक्ता, नेपाल सरकार**



फाइल तस्बिर

■ जेबी योञ्जन

**काठमाडौं–** दुई ठूला छिमेकी चीन र भारतले नेपाली भूमि लिपुलेकलाई कैलाश-मानसरोवर आउजाउको केन्द्र बनाउने सहमति गरेको हप्ता दिन भइसक्यो । तर राष्ट्रवादी छवि बोकेका प्रधानमन्त्री केपी शर्मा ओली यस विषयमा मौन छन् ।

जबकि यसै विषयमा ९ वर्षअघि दुई देशबीच सहमति हुँदा त्यतिबेलाका प्रधानमन्त्री सुशील कोइरालाले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई फोन गरेरै आपत्ति प्रकट गरेका थिए । त्यसपछि सुशील कोइरालाको निर्धारित भारत भ्रमण एकाएक स्थगित भएको थियो ।

विरोधपछि रोकिएको लिपुलेकलाई तीर्थयात्रीको आउजाउको केन्द्र बनाउने विषयमा यही पुस ३ गते भारत र चीनले आपसमा सहमति गरेका हुन् । चीनको बेइजिङमा भारत सरकारका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र चिनियाँ विदेशमन्त्री वाङ यीबिच सहमति भएको थियो ।

नेपाली भूमि लिपुलेकलाई भारत र चीनले कैलाश-मानसरोवर तीर्थयात्रु आवातजावातको केन्द्र बनाउने गरी सहमति गर्दा भारत भ्रमण गर्न नपाएका प्रधानमन्त्री ओली नियास्रो मानिरहेका छन् नै । यसबारे प्रश्न गर्दा सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले गैरजिम्मेवार ढङ्गले जवाफ दिएका छन् । उनले दुई देशबीच भएको सहमतिलाई 'टेक्निकल' भनेका छन् । यसबारे नेपालले चिन्ता लिनु नपर्ने पनि उनको भनाइ छ ।

'भारत र चीनबीचको सहमतिले हाम्रो नक्सा प्रभाव पार्ने ढङ्गले गरेको होइन । त्यो उहाँहरूकै टेक्निकल कुरा हो र त्यसबारे क्याबिनेटमा पनि लामो छलफल भयो', उनले बिहीबार भने, 'तर, निष्कर्ष चाहिँ हामीले चिन्ता लिनुपर्ने ढङ्गले सम्झौता भएको होइन ।'

यसअघि कोभिड महामारीका कारण २०७७ देखि तीर्थयात्रा रोकिएको थियो । तर, अब भने नेपाली भूमि लिपुलेकलाई नेपालको सहमतिबिना तीर्थयात्राको केन्द्र बनाउनेगरी सहमति भएको हो । नेपालसँग सम्बन्धित भूगोलमा छिमेकीहरूले यस्तो सहमति गरेर पुरानो घाउमा नुनचुक छर्ने काम गरेको सीमाविद्हरूले बताएका छन् । सीमाविद् बुद्धिनारायण श्रेष्ठ लिपुलेकबारे भारत-चीनले आपसमा निर्णय गरेर हेपाहा प्रवृत्ति फेरि दोहोऱ्याएको आरोप लगाए । उनले यसबारे सरकारले औपचारिक रूपमा प्रोटेस्ट नोट दुवै देशलाई पठाउनुपर्ने पनि बताए । 'लिपुलेक नेपाल-चीन सीमा क्षेत्रको भूगोल हो । यो भारतसँग जोडिँदैन । तर, तेस्रो देश भारतको तीर्थालुलाई लक्षित गरी लिपुलेकबारे जुन सहमति दुई देशबीच भयो । यो हेपाहा प्रवृत्तिबाहेक केही होइन', उनले प्रभावसँग भने ।

लिपुलेकको विषयमा यसअघि नेपालले दुवै देशसँग औपचारिक रूपमै असहमति प्रकट गरिसकेको छ । १ जेठ २०७२ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र चीनका प्रधानमन्त्री ली खस्याङबीच लिपुलेकलाई व्यापारिक तथा दुई देशको तीर्थयात्री आवतजावत गर्ने केन्द्र बनाउने सहमति गर्दा नेपालले आपत्ति जनाएको थियो । त्यसबेला प्रधानमन्त्री सुशील कोइराला थिए । उनले दुवै देशलाई प्रोटेस्ट नोट पठाएका थिए । तर, दुवै देशले त्यसको वास्ता गरेनन् । बरु, लिपुलेकलाई पुनः प्रयोग गर्नेगरी सहमति गर्दै अगाडि बढेका हुन् । सहमतिका आधारमा अब भारतीय भूमिबाट कैलाश मानसरोवर जाने तीर्थयात्रीले नेपालको लिपुलेक हुँदै जानुपर्ने हुन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### सन्दर्भ: वैदेशिक रोजगार

## कामदारको स्वास्थ्य परीक्षण 'सिण्डिकेट'मुक्त बनाउन संघको माग

- सरकार आफैंले देशैपिच्छेको सिण्डिकेट खडा गर्न प्रोत्साहित गरेको आरोप
- विभिन्न संस्था तथा व्यक्तिहरूको मिलेमतोमा कानुन नै फेरबदल गरेर सिण्डिकेट लगाइएको संघको दाबी
- जिटुजी प्रणालीमार्फत पठाउने कामदारको स्वास्थ्य परीक्षण विभिन्न अस्पतालबाट भइरहेकोप्रति आपत्ति




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल मेडिकल व्यवसायी संघले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण प्रणाली 'सिण्डिकेट'मुक्त बनाउन सरकारसँग माग गरेको छ । संघले बिहीबार पत्रकार सम्मेलन गरी सरकार आफैंले देशैपिच्छेको सिण्डिकेट खडा गर्न प्रोत्साहित गरेको भन्दै त्यस्तो कार्य रोक्न माग गरेको हो ।

हाल सञ्चालनमा रहेका सबै स्वास्थ्य संस्थालाई खुला प्रतिस्पर्धाका आधारमा स्वास्थ्य परीक्षण गराउने वातावरण बनाउनुपर्ने संघको माग छ । 'नेपाल सरकारअन्तर्गत दर्ता भई हाल सञ्चालनमा रहेका २१२ वटा स्वास्थ्य संस्थालाई समान हक अधिकार र खुला प्रतिस्पर्धा तथा लगानीको सुनिश्चित गर्नुपर्ने अवस्थामा उल्टै देशैपिच्छेको सिण्डिकेट खडा गरी मूल्यमासमेत कार्टेलिङ गर्ने गरी त्यसमध्ये ३६ वटा मलेसिया र १९ वटा स्वास्थ्य संस्थाले गाम्का संस्थाको नाममा काठमाडौं केन्द्रित भएर केन्द्रिकृत प्रणालीमा श्रमिकको पहुँचभन्दा दूर-दराजमा राज्यको नीतिविपरीत सञ्चालित सिण्डिकेटधारी संस्थाहरू तत्काल बन्द गर्नुपर्छ,' पत्रकार सम्मेलनमा संघका महासचिव कृष्णप्रसाद बजगाईंले भने ।

उनले सिण्डिकेटको स्वरूप परिवर्तन भई बहुरूपी भएकोसमेत बताए । 'देशको कानुन नै फेरबदल गरेर सिण्डिकेट लगाउन विभिन्न संस्था तथा व्यक्तिहरूको मिलेमतोमा रोजगारदाता मुलुकले नै मेडिकल सेन्टर तोकिदिने प्रवृत्ति बढेको छ,' संघले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।

मलेसियालगायत देशले स्वस्थ्य परीक्षण प्रणालीमा सिण्डिकेट अन्त्य गरेको सूचना सरकारको आधिकारिक निकायबाट प्रकाशित गर्नसमेत संघले माग गरेको छ । यसैगरी जिटुजी प्रणालीमार्फत इजरायल, दक्षिण कोरियालगायत मुलुकमा पठाउने कामदारको स्वास्थ्य परीक्षण विभिन्न अस्पतालबाट भइरहेकोप्रति पनि आपत्ति जनाइएको छ । यसरी अस्पतालबाट स्वास्थ्य परीक्षण गर्नु सरकार आफैंले बनाएको कानुनविरुद्ध रहेको संघको दाबी छ । सरकारले छुट्टै कानुन बनाई विशेष क्षेत्रको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था अनुसार वैदेशिक रोजगार ऐन २०६४ को दफा ७२ एवं

⏭ क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमश:

### राष्ट्रवादी प्रधानमन्त्री...

नेपालको प्रशासनिक नक्साअनुसार लिपुलेक नेपाली भूभाग हो । तर, नेपाललाई बेवास्ता गर्दै दुई देशले घरिघरी विवादास्पद कदम चाल्दै आएका छन् । कतिसम्म भने भारत र चीनले यसअघि पनि सो भूभाग हुँदै दुई देशको व्यापारिक सडक बनाउने सहमति गरेका थिए । त्यसमा नेपालको विरोध थियो ।

त्यतिबेला पनि नेपाल र भारतबीच असहज परिस्थिति उत्पन्न भएको थियो । त्यही विषयलाई लिएर प्रधानमन्त्री कोइराला र भारतका प्रधानमन्त्री मोदीबीच फोनवार्तासमेत भएको थियो । त्यसक्रममा प्रधानमन्त्री कोइरालाले नेपालको भूभागबारे नेपालको सहमतिबेगरै बेइजिङमा सहमति गरेकोमा मोदीसमक्ष आपत्ति प्रकट गरेका थिए । त्यसपछि सुशील कोइरालाको निर्धारित भारत भ्रमण एकाएक स्थगित भएको थियो ।

यहीबीच भारतले २०७६ को कात्तिकमा नेपाली भूमि लिपुलेक र कालापानीलाई समेत समेटेर नयाँ नक्सा जारी गऱ्यो । त्यसबेला भने प्रधानमन्त्री केपी शर्मा ओली थिए । भारतले नेपाली भूमिलाई समेटेर जारी गरेको नक्सालाई लिएर नेपालमा चर्को विरोध भयो । तर, पनि भारतले नक्सा सच्याएन । उल्टै २०७७ वैशाखमा दार्चुलाको व्यास गाउँपालिका-१ को गुन्जीदेखि लिपुलेकसम्म सडक बनाएर प्रधानमन्त्री मोदीले उद्घाटन गरे । यो घटनापछि सीमा विवादलाई लिएर नेपाल-भारत सम्बन्धमा दरार पैदा भयो । त्यहीबीच नेपालले पनि आफ्नो नक्सा संशोधन गरी लिपुलेक, कालापानी र लिम्पियधुरालाई समावेश गरेको थियो । सरकारले २०७७ जेठमा लिपुलेकलगायत समेटिएको नक्सा जारी गरेको थियो ।

जुन भारत र चीन दुवैले स्वीकारेनन् । अहिले भारत र चीनले लिपुलेकलाई सामूहिक व्यापारिक तथा तीर्थयात्रीका लागि सो भूभाग प्रयोग गर्ने सहमति गरे । यसबारे नेपाल सरकारका प्रवक्ता गुरुङले भने भारत र चीनको टेक्निकल विषय भनेर गैरजिम्मेवार जवाफ दिए ।

दुई देशबीच लिपुलेकबारे सहमति हुँदा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा जर्मनीको भ्रमणमा थिइन् । पछि उनी भारतमा झण्डै दुई साता लामो भ्रमणमा जर्मनीदेखि सिँधै गइन् । तर, लिपुलेकबारे दुई देशले गरेको सहमतिबारे बोलिनन् ।

■■■

### महाधिवेशनका लागि ...

'मान्छेले आफूबाट निस्किएर गएपछि मात्र राजनीति सुरू हुन्छ, आफ्नोबारेमा चिन्ता गरेर राजनीति चल्दैन,' कोइरालाले भने । कोइराला बिपी कोइरालाको लिगेसी बोकेका नेता हुन् । उनी प्रकाशमान सिंह र विमलेन्द्र निधिलाई मनाएर सभापतिका प्रत्यासी बन्ने तयारीमा छन् । तीन नेताका निकट नेताहरूका अनुसार राष्ट्रपति, प्रधानमन्त्री र सभापतिमा बाँडफाँट गरी महाधिवेशनको तयारी गरिरहेका छन् । पछिल्लोपटक तीन नेताबीच शशांक निवासमा गत असोजमा भेट भएको थियो ।

यता संघीय संविधान जारी गर्न योगदान गरेका सिटौला पनि सभापतिमा उम्मेदवारी दिन 'एक्सरसाइज' गरिरहेका छन् । सिटौलाले १४औं महाधिवेशनमा प्रदीप पौडेललाई देउवा गुटमा राखेर महामन्त्रीको उम्मेदवार बनाएका थिए । १३औं महाधिवेशनमा आफ्नो गुटबाट महामन्त्री लडेका गगन शेखर खेमामा गएपछि सिटौलाले प्रदीप च्यापेका थिए । यसपटक देउवाबाट निगाहा पाएमा सिटौला प्रदीपलाई पुनः महामन्त्रीको उम्मेदवार बनाएर महाधिवेशनमा नेतृत्व सम्हाल्नेगरी अघि बढ्ने तयारीमा छन् ।

यसका लागि सिटौलाले विभिन्न समूह बनाएर भित्री गतिविधि अघि बढाइरहेका छन् । देउवाले पार्टीको नेतृत्व छाड्ने देखिएसँगै नेताहरूबीच तीव्र ध्रुवीकरणसमेत सुरु भएको छ । कांग्रेसका उपसभापति धनराज गुरुङ सहकारी प्रकरणमा मुछिएसँगै अहिले मौन छन् । गुरुङ जसरी पनि शेखरलाई सभापति बनाउनुपर्ने लाइनमा देखिन्छन् । अर्का उपसभापति पूर्णबहादुर खड्का भने कांग्रेसको राजनीतिमा किनारामा देखिन्छन् । देउवापत्नी आरजु राणा देउवासँग मनमुटावका कारण खड्काको राजनीति धरापमा परेको बताइन्छ ।

■■■

### कामदारको स्वास्थ्य...

वैदेशिक रोजगार नियमावली २०६४ को नियम ४५ (क) तथा स्वास्थ्य परीक्षणसम्बन्धी कार्यविधि २०७२ को पाँचौं संशोधन मिति २०८० मंसिर १४ बमोजिम सबै स्वास्थ्य संस्था योग्य छन् भनी सूचीकृत तथा नवीकरण गरिसकेको सूचना सार्वजनिक गरिसकेको संघले उल्लेख गरेको छ ।

सिण्डिकेटले पछिल्लो १० वर्षमा मलेसियाको स्वास्थ्य परीक्षणबाट नेपाल स्वास्थ्य व्यवसायी महासंघका पदाधिकारीलाई मात्रै फाइदा पुगेको आरोपसमेत संघले लगाएको छ । स्वास्थ्य परीक्षणमा जारी सिण्डिकेटका कारण मलेसियाको श्रमबजार नै खोसिनसक्ने अवस्था सिर्जना भएकोतर्फ संघले सरकारको ध्यानाकर्षण गराएको छ ।

संघले गुणस्तरीय सेवाको सुनिश्चितता गर्न वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षणसम्बन्धी व्यवस्था भएको वैदेशिक रोजगार ऐन २०६४ लाई समयसापेक्ष परिमार्जन गनुपर्ने मागसमेत अघि सारेको छ । यसैगरी, सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा एकरूपता कायम हुने स्वास्थ्य परीक्षण प्रतिवेदन तयार गरी सबै देशको स्वास्थ्य परीक्षण सबै स्वास्थ्य संस्थाले गर्न पाउनेगरी एकै किसिमको सफ्टवेयर प्रणाली विकास गरी लागू गर्न माग गरिएको छ ।

वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा बायोमेट्रिक सिस्टमः आइरिसको तत्काल व्यवस्था गर्नुपर्ने, सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य परीक्षण गर्न अनलाइन दर्तामार्फत मात्र गर्न मिल्ने प्रक्रियाको व्यवस्था गर्नुपर्ने, संघीय संरचनाअनुसार सबै श्रमिकको पहुँचमा पुग्ने गरी स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने, सबै देशको स्वास्थ्य परीक्षण शुल्क वैज्ञानिक ढंगले निर्धारण गरी एकरूपता कायम गर्नुपर्नेलगायतका माग संघले अघि सारेको छ ।

# 'ज्येष्ठ नागरिकको योगदानलाई कदर गर्नुपर्छ'

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले ज्येष्ठ नागरिकहरूको योगदान र भूमिकालाई कदर गर्नुपर्नेमा जोड दिएका छन् । 'सभ्य समाजको आधार: ज्येष्ठ नागरिकमैत्री घर परिवार' भन्ने मूल नाराका साथ वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा सुर्खेत वीरेन्द्रनगमा बिहीबार आयोजित 'चौथो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस-२०८१' मूल समारोहको उद्घाटन कार्यक्रममा मुख्यमन्त्री कँडेलले जेठो पुस्तालाई सम्मान गर्नुपर्ने बताए । उनले ज्येष्ठ नागरिकप्रति हेर्ने दृष्टिकोणसमेत बदल्नुपर्नेमा जोड दिए ।

'ज्येष्ठ नागरिकहरूको योगदानका कारण आजको समाज सूचना र प्रविधिको यो युगमा आइपुगेको छ,' मुख्यमन्त्री कँडेलले भने, 'उहाँहरूको सीप, कला र सिर्जनाको पुस्तान्तरण गर्नुका साथै भोगाइ तथा अनुभव सुन्न र ग्रहण गर्न आवश्यक छ ।' यो धर्तीमा जन्मने हरेकले ज्येष्ठ हुनैपर्ने अवस्थालाई हृदयंगम गरी ज्येष्ठ नागरिकहरूको योगदान र भूमिकालाई आजका दिनमा कदर गर्नुपर्नेमा उनले जोड दिए । वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकालले ज्येष्ठ नागरिकका लागि सरकारले अभिभावकीय भूमिका खेल्नुपर्ने बताइन् ।

## स्रोत नखुलेको रकमसहित तीन जना पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुको टोलीले स्रोत नखुलेको ९२ लाख रूपैयाँसहित यही पुस ९ गते पक्राउ गरेका तीन जनालाई बिहीबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-१ घर भई हाल काठमाडौं गोकर्णेश्वर नगरपालिका-६ आरुबारी बस्ने ३४ वर्षीय रवि धमला, संखुवासभा, पाँचखपन नगरपालिका-७ घर भई काठमाडौं महानगरपालिका-७ चावहिल बस्ने ३० वर्षीय सन्तोष विक (खाती) तथा रसुवा, उत्तरगया गाउँपालिका-२ घर भई हाल काठमाडौं तारकेश्वर-४ लोलाङ बस्ने ३९ वर्षीय जीतबहादुर तामाङ रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।


## मुकुल वचत तथा ऋण सहकारी संस्था लि.
बालुवाटार, काठमाडौं, सर्म्पक नं.: ०१-४५३५६२६, ०१-४५३५४६८

**१६ औं वार्षिक साधारण सभामा सहभागी हुने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा मुकुल बचत तथा ऋण सहकारी संस्था लि. को १६औं वार्षिक साधारण सभा मिति २०८१।०९।०५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्न मिति, स्थान र समयमा सभा सम्पन्न हुने व्यहोरा जानकारी गराउँदै सम्पूर्ण सेयरधनी लाई साधारण सभामा सहभागि हुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
मिति : २०८१ साल पुस २६ गते शुक्रबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : संस्थाको कार्यालय, बालुवाटार ।

**छलफलका विषयहरू:**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने संस्थाको आ.व. २०८०/०८१ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको आ.व. २०८०/०८१ वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. संस्थाको आ.व. २०८०/०८१ को बार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. चालु आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम तथा बजेट माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
५. चालु आ.व. २०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. संस्थाको आ.व. २०८०/०८१ मा संचालक समितिको निर्णयले संस्थामा भए गरेका सम्पूर्ण कारोबारको अनुमोदन गर्ने सम्बन्धमा ।
७. संस्था एकिकरण (मर्जर) गर्ने सम्बन्धमा ।
८. निर्णय पुस्तिका प्रमाणिकरण सम्बन्धमा ।
९. विविध

संचालक समितिको आज्ञाले
अध्यक्ष



## कागजात हरायो
मिति: २०८१/०८/२५ गते नक्सालदेखि कलंकी जाँदा मेरो स्नातक डिग्री प्रमाणपत्र हराएकोहुँदा प्रमाणपत्र प्राप्त गर्नुहुने माहानुभावले नजिकको प्रहरी चौकि वा फोन न ९८५७०८३०९३ मा खबर गरिदिनुहोला ।
B.E. Reg No.M 3-2-45-22-2013
**नाम थर: धुर्ब राज पाण्डेय**
**ठेगाना: सुनवल-१२, नवलपरासि**



## पर्वत पैयुँ खोला हाइड्रोपावर कम्पनी लिमिटेड
**टोखा नगरपालिका वडा नं.- ५, काठमाडौं**

**वार्षिक साधारणसभा सम्बन्धित सूचना !**

शेयरधनी माहानुभावहरू
यही मिति २०८१ साल पौष महिनाको २८ गते तदअनुसार (12 January, 2025) का दिन यस पर्वत **पैयुँ खोला हाइड्रोपावर कम्पनी लिमिटेडको वार्षिक साधारणसभा** निम्न मिति, स्थानमा र समयमा हुन गइराखेको हुँदा सम्पूर्ण शेयरधनी स्वयम् उपस्थित हुनु वा रितपूर्वक प्रतिनिधि तोकी पठाउनु हुन अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय:**
मिति : २०८१/०९/२८ गते ।
स्थान : वालिङ न.पा.८, गामबेंसी होटल, स्याङ्जा
समय : बिहान ११:०० बजेदेखि २:०० बजेसम्म ।
विशेष प्रस्ताव :
१. विधान संशोधन

**साधारण सभामा पेश गरिने प्रस्तावहरू:**
१. आ.व.२०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०८०/८१ को लेखापरिक्षण प्रतिवेदन छलफल तथा पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८१/२०८२ का लागि लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
४. सञ्चालक समिति सम्बन्धमा ।
५. IPO सम्बन्धमा ।
६. विविध ।



## कुवेतमा रोजगार
कम्पनी : KOOBS RESTAURANT CO.
पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | LT. No. 315580 | चलानी नं.६०२३०२५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 5 | 170 | ७४,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Light Driver | 9 | 0 | 140 | ६१,७६० | | | | | | | |

कम्पनी : FLORA CO. FOR RETAIL SALES OF FLOWERS, ROSES AND PLANTS
पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | LT. No. 315566 | चलानी नं.६०२३०२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashiers/sales Staff | 3 | 0 | 150 | ६६,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner Indoor | 2 | 0 | 100 | ४४,११५ | | | | | | | |
| 3 | Florist | 4 | 0 | 130 | ५७,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082
Sultan Gulf Oversease Pvt. Ltd.
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com



## युएइमा रोजगार
कम्पनी : Resources for Employment
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315984 | चलानी नं. ६०२३०२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masion | 20 | 0 | 1300 | ४८,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenters | 15 | 0 | 1300 | ४८,१२० | | | | | | | |
| 3 | Skilled Labour | 50 | 0 | 1100 | ४०,७१५ | | | | | | | |
| 4 | Steel Fixer | 15 | 0 | 1300 | ४८,१२० | | | | | | | |

कम्पनी : SOBHA CONSTRUCTION L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315983 | चलानी नं. ६०२३०२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 100 | 0 | 1000 | ३७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason (Tile/Marble/Plaster) | 50 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 3 | Scaffolder | 50 | 0 | 1200 | ४४,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74



## युएईमा रोजगार
कम्पनी : POWER RECRUITMENT LLC
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316196 | चलानी नं. ६०२३०३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | २९,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

Broadway Overseas Employment Service Pvt. Ltd.
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368,
Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774
Govt. License 378/059/060



## कुवेतमा रोजगार
कम्पनी : The Baker Boys Cafe & Restaurant Company
पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 311556 | चलानी नं. ६०२२६१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF (COOK) | 10 | 0 | 150 | ६६,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


शुक्रबार, १२ पुस, २०८१

| | |
|---|---|
| मेष | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| वृष | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| मिथुन | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| कर्कट | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| सिंह | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कन्या | अरूको करकापमा काम गर्न बाध्य । |
| तुला | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| वृश्चिक | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| धनु | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| मकर | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| कुम्भ | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| मीन | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ पुस, २०८१ (२७ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३६.०३ | १३६.६३ |
| युरो | १ को | १४१.६४ | १४२.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.७२ | १७१.४७ |
| स्विस फ्रेन्क | १ को | १५१.१९ | १५१.८५ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८९ | ८५.२६ |
| क्यानाडियन डलर | १ को | ९४.७० | ९५.११ |
| सिङ्गापुर डलर | १ को | १००.१८ | १००.६३ |
| जापानी येन | १० को | ८.६५ | ८.६८ |
| चिनियाँ युआन | १ को | १८.६४ | १८.७२ |
| साउदी अरब रियाल | १ को | ३६.२३ | ३६.३९ |
| कतारी रियाल | १ को | ३७.३२ | ३७.४९ |
| थाई भाट | १ को | ३.९८ | ४.०० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०४ | ३७.२० |
| मलेसियन रिङेट | १ को | ३०.३२ | ३०.४५ |
| दक्षिण कोरियन वन | १०० को | ९.३३ | ९.३८ |
| स्विडिस क्रोनर | १ को | १२.२७ | १२.३३ |
| डेनिस क्रोनर | १ को | १८.९६ | १९.०५ |
| हङकङ डलर | १ को | १७.५१ | १७.५९ |
| कुवेती दिनार | १ को | ४४१.५१ | ४४३.४६ |
| बहराइन दिनार | १ को | ३६०.४४ | ३६२.०२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ज्येष्ठ नागरिकलाई सम्मान गर्न आयोगको आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले ज्येष्ठ नागरिकको सीप, अनुभवलाई युवा पुस्तामा हस्तान्तरण गरी ज्येष्ठ नागरिकको सम्मान गर्नुपर्नेमा जोड दिएको छ । आयोग तीनै तहका सरकार तथा सरोकार भएका सबै निकायलाई ज्येष्ठ नागरिकको सीप, अनुभव र भोगाइलाई पुस्तान्तरण गरी ज्येष्ठ नागरिकको सम्मान गर्न आग्रह गरेको हो ।

चौथो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस 'सभ्य समाजको आधार, ज्येष्ठ नागरिकमैत्री घरपरिवार' भन्ने नाराका साथ यो दिवस मनाइरहेको सन्दर्भमा बिहीबार आयोगले तीनै तहका सरकारलाई तथा सरोकार भएका सबैलाई ज्येष्ठ नागरिकको सम्मान आग्रह गरेको हो । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'बढ्दो जनसंख्याप्रति संवेदनशील हुँदै, तीन तहका सरकारले आवश्यकता पहिचान गरी ज्येष्ठ नागरिकको विषयलाई नीति, योजना, कार्यक्रम र बजेटको प्राथमिकतामा राख्नुपर्ने जरुरी छ ।'

ज्येष्ठ नागरिक ऐन, २०६३ को कार्यान्वयन अवस्थाका सम्बन्धमा आयोगले गरेको अध्ययनको क्रममा ग्रामीण तहका ज्येष्ठ नागरिक आफ्नो अधिकारका बारेमा जानकार नहुनुका साथै उनहरूले राज्यले प्रदान गर्ने सेवा सुविधाको अनुभूति गर्न नपाएको देखिएको छ । सामाजिक सुरक्षाभत्ता प्राप्त गर्न कठिनाई हुनुका साथै राज्यबाट प्रदान गरिएका स्वास्थ्य एवं यातायात सेवामा प्राथमिकतालगायत सुविधा पहुँचयुक्त नभएको अनुगमनको क्रममा पाइएको आयोगले जनाएको छ ।

हाल नेपालमा ज्येष्ठ नागरिकको संख्या २९ लाख ७७ हजार ३१८ छ । जनगणना २०५८ देखि जनगणना २०६८ सम्म आइपुग्दा ज्येष्ठ नागरिकको जनसंख्या वृद्धिदर तीन प्रतिशत रहेकामा २०७८ सम्मआइपुग्दा वृद्धिदर ३.५ प्रतिशत पुगेको छ । जनगणना २०७८ को समग्र जनसंख्याको वृद्धिदर ०.९२ प्रतिशत रहेकामा ज्येष्ठ नागरिकको वृद्धिदर ३.५ प्रतिशत हुनुले अन्यको तुलनामा ज्येष्ठ नागरिकको वृद्धि प्रतिशत बढी देखिन्छ ।

उल्लिखित तथ्यांकलाई विश्लेषण गर्दा भविष्यमा समाजमा ज्येष्ठ नागरिकको संख्या प्रतिशत अझ बढ्ने आँकलन गर्न सकिन्छ । औसत आयु वृद्धि, मृत्युदरमा कमी, स्वास्थ्यप्रति सचेतनाका कारण ज्येष्ठ नागरिकको जनसंख्या वृद्धि हुँदै गएको देखिएको छ । ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, अनुभव र क्षमतालाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने सम्बन्धमा संविधान, नीति, ऐन, नियमावलीका साथै तीनै तहका सरकारले विभिन्न योजना तथा कार्यक्रममा उल्लेख गरेता पनि अपेक्षित नतिजा हासिल हुन सकेको देखिँदैन ।

आयोगले ज्येष्ठ नागरिकको अधिकार संरक्षण र संवर्द्धनलाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको छ । नेपालले ज्येष्ठ नागरिकलाई सम्मान र अधिकारमा पुहँच पुऱ्याउने उद्देश्यले २०७८ साल पुस ११ गतेदेखि नेपाल सरकारले राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन सुरु गरेको हो ।

# विषादी अवशेष जाँच्ने प्रयोगशाला स्थापना

**जनकपुरधाम (प्रस)–** संघीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले धनुषाको ढल्केबरस्थित कृषिउपज बजारमा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ स्थापना भएको छ । जिल्लाका विभिन्न स्थानबाट ढल्केबर बजारमा बिक्रीका लागि ल्याइने हरियो तरकारी तथा फलफूलमा हुनसक्ने विषादीको मात्रा जाँच गर्ने उद्देश्यले सो प्रयोगशाला स्थापना गरी बुधबारदेखि सञ्चालनमा ल्याइएको हो ।

मन्त्रालयअन्तर्गतका केन्द्रीय कृषि प्रयोगशालाद्वारा स्थानीयलाई विषादीरहित कृषिउपज उपलब्ध गराउने उद्देश्यले ढल्केबरमा उक्त प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको यहाँस्थित कृषिउपज बजार व्यवस्थापन समितिका अध्यक्ष बुधेश्वर महतोले जानकारी दिए । केन्द्रीय कृषि प्रयोगशाला प्रमुख शान्ता कार्कीले खेतबारीमा कति मात्रामा विषादी छर्कने र विषादी छर्केको कति दिनपछि तरकारी तथा फलफूल टिप्न मिल्छ भन्नेबारे जानकारीमूलक सूचना समयसमयमा दिइरहनुपर्नेमा जोड दिए ।

उनले भने, '३५ प्रतिशतभन्दा कम विषादी प्रयोग भएको देखिएमा खानयोग्य हुन्छ, ३५ देखि ४५ प्रतिशत भएमा केही समय राखेर मात्र प्रयोग गनुपर्छ, ४५ प्रतिशतभन्दा बढी विषादी प्रयोग भएको देखिएमा अखाद्य मानिन्छ र त्यो वस्तु खानयोग्य हुँदैन ।' केन्द्रीय प्रयोगशालाको सहयोगमा ४० लाख रूपैयाँ लागतमा यहाँ प्रयोगशाला निर्माण भएको हो ।

जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल र केन्द्रीय प्रयोगशालाका प्रमुख कार्कीले संयुक्तरूपमा बुधबार प्रयोगशालाको उद्घाटन गरे ।

# स्ववियु निर्वाचनको तयारीमा त्रिभुवन विश्वविद्यालय

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको तयारी थालेको छ । आगामी फागुन १५ गते हुने स्ववियु निर्वाचनका लागि त्रिविले तयारीलाई तीव्र पारेको छ । विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले स्ववियु निर्वाचन गराउने प्रक्रिया अगाडि बढाएको जानकारी दिए ।

उनले विद्यार्थी कल्याण परिषद्को बैठक राखेर स्ववियु निर्वाचनलाई तोकिएकै मितिमा सम्पन्न गर्ने छलफल गरिएको बताए । त्रिविले शैक्षिक क्यालेण्डरमा नै स्ववियु निर्वाचनको मिति तोकेको छ । निर्देशक अधिकारीले चाँडै नै विद्यार्थी संगठनसँग छलफल गरी निर्वाचनको कामलाई अगाडि बढाउने बताए ।

अनेरास्ववियुका अध्यक्ष समिक वडालले स्ववियु निर्वाचनको तयारी आफ्नो संगठनले गरिरहेको बताए । उनले स्ववियु निर्वाचनका लागि घोषणापत्र तयार पार्नका लागि उपाध्यक्ष गोविन्द गिरीको संयोजकत्वमा स्ववियु घोषणापत्र तयारी कमिटी गठन गरिएको छ । अध्यक्ष वडालले स्ववियु निर्वाचन लागि संगठनले यही पुस २५ र २६ गते अनेरास्ववियुका जिल्ला अध्यक्ष भेला र आगामी माघ ६ देखि ८ गतेसम्म केन्द्रीय कमिटी बैठक बोलाएको बताए ।

यस्तै नेपाल विद्यार्थी संघका प्रवक्ता सुरज सेजुवालले निर्वाचन हुने सबै क्याम्पसमा प्रतिनिधि खटाइसकेको जानकारी दिए । उनले सबै क्याम्पसमा संगठन विस्तारका साथै स्ववियु निर्वाचन केन्द्रित कार्यक्रम सुरु गरिएको बताए । अनेरास्ववियु (क्रान्तिकारी)का अध्यक्ष पञ्चा सिंहले क्याम्पस कमिटीलाई स्ववियु निर्वाचन तयारीमा जुट्न निर्देशन दिइसकेको बताए । 'हामी अहिले महाधिवेशनमा रहेकाले पर्याप्त तयारी गर्न पाएका छैनौं । महाधिवेशन सकिएलगत्तै नयाँ नेतृत्वको एकसूत्रीय माग स्ववियु निर्वाचन नै हो,' उनले भने, 'स्ववियु निर्वाचन समयमा नै हुन्छ । त्यसको तयारीमा हामी छौं ।'

प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि नियमित हुन सकेको छैन । २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकैपटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो । त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेक सम्पन्न भएको थियो । त्यतिबेला नौ वटा आंगिक क्याम्पस निर्वाचन हुन सकेको थिएन ।

स्ववियु निर्वाचनमा देशभरिका त्रिविका ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुने छ । निर्वाचनमा २८ वर्षे उमेर हद बन्दी र मिश्रित निर्वाचन प्रणालीमा व्यवस्था गरिएको छ ।


## साउदीमा रोजगार

कम्पनी : MACE SAUDI ARABIA COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | LT. No. 315951 | चलानी नं. ६०२३०२४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 5 | 0 | 1000 | ३६,२१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 267/058/059

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com


### नेपाल सरकार
### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Access Partners Nepal Pvt.Ltd. (ई.प.नं.११०१/०७३/०७४) काठमाडौंको साविकको नाम परिवर्तन गरी Kinetic H.R. Solution Pvt.Ltd. (ई.प.नं.११०१/०७३/०७४) काठमाडौं** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।


## युएइमा रोजगार

कम्पनी : IMDAAD LLC

पूर्व स्वीकृति मिति : २०८०/१०/०५ | पूनः विज्ञापन स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 298449 | चलानी नं. ६०२१३३८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/General Labourer | 50 | 0 | 1200 | ४४,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER/JANITRESS | 50 | 0 | 1200 | ४४,४१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## युएइमा रोजगार

कम्पनी : RESOURCES FOR EMPLOYMENT

पूर्व स्वीकृति मिति : २०८०/०८/१५ | पूनः विज्ञापन स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 310963 | चलानी नं.६०२३०१७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 80 | 0 | 1050 | ३८,८६६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Masion | 40 | 0 | 1200 | ४४,४१९ | | | | | | | |
| 3 | Shuttering carpenters | 40 | 0 | 1200 | ४४,४१९ | | | | | | | |
| 4 | STEEL FIXER | 40 | 0 | 1200 | ४४,४१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## SANVI€Nergy सान्भि इनर्जी लिमिटेड

### पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रोपटक प्रकाशित मिति : २०८१-०९-१२

यस सान्भि इर्नजी लिमिटेडको संचालक समितिको मिति २०८१/०८/२५ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम बोलाईएको कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा (कम्पनी ऐन २०६३) को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । यस सम्बन्धी सूचना कम्पनीको वेबसाईट www.sanvienergy.com मा समेत प्रकाशन गरिएको छ । यसैलाई सूचना मानी पाँचौ वार्षिक साधारण सभाको कार्यक्रममा सहभागी हुनका लागि हार्दिक अनुरोध गरिन्छ ।

**पाँचौ वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थानः**

**मिति** : २०८१ साल पुष २८ गते (तदनुसार १२ जनवरी, २०२५)
**समय** : बिहान ११:०० बजे, उपस्थिति पुस्तिका बिहान १०:३० बजे देखि नै खुल्ला राखिने छ ।
**स्थान** : कम्पनीको कार्यालय, लाजिम्पाट-२, काठमाडौं ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरुः**

**क. सामान्य प्रस्तावः**

१. आ.व. २०८०/०८१ को साधारण सभामा प्रस्तुत हुने संचालक समितिका अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफलगरी सोलाई पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीका कायम "क" समूहका शेयरधनीहरु मध्येबाट एक महिला सहित ६ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ग. विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१. कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख रहेको पछिल्लो शेयर लगतको आधारमा शेयरधनीको रेकर्ड कायम गरिनेछ ।
२. सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ र सो दिन हाजिर पुस्तिका बिहान ९:३० बजे देखि खुल्ला हुनेछ ।
३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने फोटो सहितको कागज प्रमाण प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाईनेछ ।
४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय नक्सालमा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टाएर वा कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीहरुलाई प्रतिनिधि बनाई नियुक्त गरिदिईएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: खारेज हुनेछ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदरगरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय लाजिम्पाटमा बुझाई सक्नुपर्नेछ ।
७. कम्पनीको संचालक पदहरुको निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारीहरु कम्पनीको केन्द्रीय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ, निर्वाचनमा भाग लिन तथा यस सम्बन्धी थप जानकारी राख्न चाहने इच्छुक शेयरधनी तथा उम्मेदवारहरुले कार्यालय समय भित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।
८. साधारण सभा सम्बन्धी अन्य सम्पूर्ण काम कारवाहीहरु कम्पनीको प्रबन्ध पत्र, नियमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।
९. सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ तथा साधारण सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, लाजिम्पाट काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कृष्णपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### गुलरिया, कञ्चनपुर
### सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

प्रकाशित मिति :-२०८१।०९।१२

यस नगरपालिकाबाट मिति २०८१।०८।०२ मा प्रकाशित तपशीलको कार्य गर्ने सुचना वमोजिम दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुदा न्युनतम् मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनकालागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक रु. कर सहीत |
|---|---|---|---|
| 13-MED-2081/082 | कार्यालयकोलागी औषधी खरिद गर्ने कार्य | श्री रुप्सा मेडिसेल्स प्रा.लि., गोठाटार काठमाण्डौं | १२,४३,६६२।९० |
| 14-SUP-2081/082 | छात्राहरुकालागी स्यानीटरि प्याड खरिद | श्री भुसाल ट्रेड एण्ड सप्लायर्स, मणीग्राम रुपन्देही | ११,३५,९८२।४५ |

**अन्य सवै बोलपत्रदाताहरुलाई समेत यसै सुचनाबाट जानकारी गराइएको छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

**Province Government**
**Ministry of Physical Infrastructure and urban Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office
Simikot, Humla

### Letter of Intent (LOI)

Date of Publication: 2081/09/12 (27th Dec, 2024)

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that ,we are going to award following contracts as per IFB No: 02-2081/082 published on National Daily dated on 2081/06/16, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID | Name of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount including VAT & PS (NRs) |
|---|---|---|---|---|
| 1 | IDO/HUMLA/W/NCB/16/2081-082 | Yangar-Gerungpani Tumkot Muchu Sadak Khanda Humla | Dynamic Construction, kharpunath-4, humla | 43,85,776.14 |

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ओलीको कैदमा लोकतन्त्र

**नेकपा एमाले नेपालको दोस्रो ठूलो दल हो। आफूलाई लोकतान्त्रिक मान्ने दलको नेतृत्वमा छन् केपी शर्मा ओली। २०७८ मा महाधिवेशन गरी दोस्रोपटक अध्यक्ष बनेका ओली आफ्नो पार्टी तहसनहस बन्दै जाँदा पनि थप स्वेच्छचारी बन्दै गएका छन् । हुन त ओलीले नेपाली कम्युनिस्ट पार्टीको इतिहास रच्ने कामसमेत गरे नेकपा गठन गरेर । यद्यपि नेकपा फुटेपछि ओली मैमत्त बन्न थाले । संविधानलाई बेवास्ता गर्दै आफू कमजोर बनेको झोंकमा प्रतिनिधिसभा विघटन गरे । पार्टी छाडेर एकीकृत समाजवादी गठन गरेका माधवकुमार नेपाल र झलनाथ खनाललाई पार्टीबाट निष्काशनसम्मको कारबाही गरे ।**

**त्यसपछि कमजोर मानिएको एमाले २०७९ को निर्वाचनमा भने कांग्रेस माओवादी गठबन्धनसँग एक्लै प्रतिस्पर्धामा उत्रियो । पार्टी फुटको चोटमा पनि एमाले दोस्रो पार्टी भने भयो । त्यतिबेला ओलीले भीम रावललाई नेतृत्वमा आफ्नो प्रतिस्पर्धी पाएको थियो। ओलीको एकल राज चल्दा रावलले एमालेको आन्तरिक लोकतन्त्र जोगाएका थिए । उनै रावललाई ओलीले पार्टीको संगठित सदस्यबाटै निष्कासन गरिदिएका छन् ।**

**रावललाई यसरी निष्कासन गर्नुको पछाडि विविध कारण होला, तर पछिल्लो कारण भने भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङबाट कीर्तिपुरमा जग्गा दान पाउनु बन्यो । यो झोंकमा रावलमात्र परेनन् पार्टीका महिला नेताद्वय विन्दा पाण्डे र उषाकिरण तिम्सिना पनि परे। दुई महिला नेता छ महिनाका लागि पार्टीबाट निष्कासनमा परेका छन् ।**

**तीन नेतालाई कारबाही गर्ने मुख्य नेतृत्वकर्ता ओली हुन् । उनले कारबाहीको माइन्युट लेखाउँदा चुपचाप सुनिरहने स्थायी कमिटी सदस्यहरू पनि यस्तो स्वेच्छचारीको अनुमोदन गराउनेहरू हुन् । कुनै बेला फ्रान्सका राजा लुई चौधौं भन्ने गर्थे, 'आइ एम दि स्टेट ।' अर्थात् राज्य नै म हुँ । यही शैलीमा ओली एमालेमा मैमत्त अघि बढेका छन्। पार्टीमा लामो समय योगदान गरेका वामदेव गौतम अहिले राजनीतिक स्पेसको खोजीमा छन् । राधाकृष्ण मैनाली, सिपी मैनालीहरू ओलीकै कारण पार्टीको किनारामा परेका छन्। पार्टीलाई ओलीले पुँजीपतिहरूको हातमा सुम्पेसँगै दैनिकी चलाउन मुस्किल कर्याकर्ता छायामा परेका छन्।**

**आफूमाथि प्रश्न गर्नेलाई माथिका नेताहरूको हालत देखाउँदै नेताहरूलाई ओली सतर्क गराउँछन् । यसरी पार्टीभित्रको लोकतन्त्रलाई ओलीले कैद गर्न थालेका छन् । के एमाले यसरी नै चल्ने हो ? दोस्रो पुस्ताका नेताहरू बोल्न सुरु गरौं ।**

## मनन्योग्य

### चाणक्य नीति

युधिष्ठिरलाई युवराज बना( उनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए । जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूल( ाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो । द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्ती लाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए ।

जब कि सबैले पाण्डवहरूल( ाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीी( वत नै छन् अनि जुन ब्राह्मण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश( वास दिलाउन झनै असजिल( ोसमेत परेको थियो ।

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए । पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए। त्याी( तबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् ।

यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पद( ाका पछाडि विदुरको महत्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशील रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

# रोजगारी सिर्जनामा राज्यको व्यवस्थापन



सोमप्रसाद लुइँटेल

> रोजगारी सिर्जनामा नेपालले राष्ट्रिय पुँजीको विकासमा जोड दिन आवश्यक छ । साना तथा मझौला उद्योगको विकासमा सरकारले नीतिगत सुधार गर्न आवश्यक छ । त्यस्ता उद्योगहरूको स्थापना सरलीकरण गर्ने, करहरूमा छुट दिने, नवीकरणमा सहुलियत तथा बजार व्यवस्थापनमा सरकारले ध्यान दिन जरुरी छ । कृषिमा आधारित उद्योगको आधुनिकीकरण र मल, बीउ, ऋणमा सहुलियत, उत्पादनको बजार मूल्य निर्धारण र बजार व्यवस्थापन अति आवश्यक छ ।

> अहिलेको शिक्षा प्रणाली बेरोजगार उत्पादन गर्ने तथा व्यावहारिक सीप नसिकाउने शिक्षा प्रणालीको रूपमा आलोचित छ । नेपालको शिक्षा प्रणालीलाई रोजगार र सीपलाई जोड्न आवश्यक छ । निश्चित अवधिको शिक्षा लिएपछि व्यक्ति स्वरोजगार बन्न सक्ने, आफ्नो सीप बेचेर आयआर्जन गर्नसक्ने र उद्यमी बन्न सक्ने शिक्षाख प्रणालीको आवश्यकता नेपाललाई छ । यसतर्फ सरकारको ध्यान जान आवश्यक छ ।

देशमा पर्याप्त रोजगारीका अवसर नहुँदा धेरै नेपाली युवा विदेशमा काम गर्न जान्छन् । भारतबाहेकका मुलुकहरूमा हालसम्म ५० लाखभन्दा बढी नेपाली युवाले श्रम स्वीकृति प्राप्त गरेका छन् । प्रतिवर्ष एक लाखभन्दा बढी युवाले अध्ययनका लागि विदेश जान्छन् । रोजगारको अभावले युवाहरूलाई विदेश जान बाध्य बनाउँछ, जसले आन्तरिक अर्थतन्त्रमा ठूलो प्रभाव पारिरहेको छ ।

रोजगारीको सिर्जना प्रमुख रूपमा बजारले गर्ने हो । जसमा सार्वजनिक र नीति क्षेत्रका कर्ताहरू संलग्न रहने गर्दछन् । नेपालमा सरकारी तवरले सिर्जना भएका रोजगारी सीमित छन् । निजामती सेवा, न्याय सेवा, शिक्षक सेवा, सेना र प्रहरीलगायतका क्षेत्रमा यसभन्दा अघि नै भर्ना भएकाले खाली हुने पदहरूमा सीमित संख्यामा रोजगारी प्राप्त हुने स्थिति छ । यसर्थ रोजगारी सिर्जनाको मूल पक्ष भनेको निजी क्षेत्र नै हो । जसमा सामाजिक सेवा क्षेत्रलेसमेत केही योगदान गर्दै आएको छ । नेपालमा ठूला बहुराष्ट्रिय कम्पनीहरूको लगानीसमेत कम रहेकाले स्वदेशी पुँजीबाट सञ्चालित उद्योगहरू, स्वरोजगार र सरकारले सञ्चालन गरेका रोजगारी कार्यक्रमको केन्द्रबिन्दुमा यो आलेख तयार भएको छ ।

## (१) नीतिगत र कानुनी ढाँचा

रोजगारी सिर्जनामा स्रोत, व्यवस्थापन र बजारको मुख्य भूमिका हुन्छ । देशभित्रका यथोचित लगानीको वातावरण नभई उद्योगहरू खोल्ने र पुँजी लगानी गर्ने वातावरण बन्दैन । त्यस्तो नभई सिर्जना हुँदैन त्यस्तो वातावरणका लागि सम्बन्धित देशको नीति र कानुनहरू लगानीमैत्री छन् छैनन् ? रोजगारी सिर्जना गर्ने राज्यको नीति छ छैन ? भएका नीति र कानुनहरू व्यवहारमा कार्यान्वयन भएका छन् छैनन् भन्ने महत्त्वपूर्ण विषय हुन्छ । रोजगारी सिर्जनामा राज्यको व्यवस्थापनको प्रमुख पक्ष नै कानुन तथा नीति निर्माण हो र तिनीहरूको कार्यान्वयन हो । केही नीति नियमहरू हेरौं ।

### क) नेपालको संविधान २०७२

संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने तथा प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुने छ भन्ने सुनिश्चित गरेको छ ।

### ख) १६औं योजना (२०८१/८२-२०८५/८६)

१६औं योजनाले आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना गर्न रणनीतिक महत्त्व राख्ने र समष्टीगत आर्थिक नीति, मौद्रिक तथा वित्तीय नीतिमा प्राथमिकता दिँदै कार्यान्वयन गर्ने उद्देश्य लिएको छ । यसमा प्रमुखतः सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमार्फत उत्पादनमूलक क्रियाकलाप विस्तार गर्ने, बेरोजगार जनशक्तिको सशक्तीकरण र समावेशी रोजगारी प्रवर्द्धन गर्ने, स्वदेशी श्रमिकको क्षमता र दक्षता विकास गरी आन्तरिक श्रमबजारमा रोजगारी सुनिश्चित गर्ने, एकीकृत रोजगार व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयन गर्ने, लगानीको वातावरण तयार गर्ने र शिक्षा तथा उद्यमशीलता प्रवर्द्धन गर्ने कुरा समेटिएको छ ।

### ग) राष्ट्रिय रोजगार नीति २०७१

राष्ट्रिय रोजगार नीति २०७१ का प्रमुख उद्देश्यहरू सबै नागरिकलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउँदै राष्ट्रिय अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु राखिएको छ। यसका लागि विभिन्न क्षेत्रगत नीतिहरूसँग सामञ्जस्यता कायम गर्दै अनौपचारिक रोजगारलाई औपचारिक पद्धतिमा रूपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउन प्राथमिकता दिइएको छ । साथै, श्रमबजारको आवश्यकता अनुसार ज्ञान र सीपमा आधारित श्रमशक्ति तयार पार्न उपयुक्त अवसरहरू सिर्जना गर्ने, आप्रवासी र प्रवासी कामदारको उपयुक्त व्यवस्थापन गर्ने र युवालक्षित रोजगारीका अवसरहरू सिर्जना गर्ने लक्ष्य पनि राखिएको छ ।

सम्पूर्ण श्रमबजारलाई सबल बनाउन र रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न आधुनिक सूचना प्रणालीको प्रयोग बढाउने, तथा औद्योगिक श्रम सम्बन्धलाई सुमधुर बनाउने लक्ष्य राखिएको छ ।

### घ) नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/२०८१

चालु आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रमले पनि रोजगारीका विषय समेटेको छ। नीति तथा कार्यक्रममा रोजगारीबारे निम्न कार्यक्रमहरू राखिएका छन् ।

-मर्यादित श्रमसहितको रोजगारीको सुनिश्चितता गरिने छ । श्रमिकको हक अधिकार र न्यूनतम पारिश्रमिकको प्रत्याभूति गरिने छ । सरकारी र निजी प्रतिष्ठानहरूमा अनिवार्य श्रम अडिट गर्नुपर्ने व्यवस्था गरिने छ ।

-युवासँग सरकार, हुने छैनन् वेरोजगार अभियानअन्तर्गत आगामी दुई वर्षभित्र पाँच लाख थप आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गरिने छ । उत्पादनसँग प्रत्यक्ष जोडिने रोजगार र उद्यमशीलता सम्बन्धित संस्था, कोष तथा कार्यक्रमहरूलाई एकीकृत गरिने छ । श्रमबजारको मागअनुसारको सीपयुक्त मानव संसाधन उत्पादनका लागि सरकारी तालिम प्रदायक संस्थाहरूलाई एकीकरण गरी राष्ट्रिय प्राविधिक प्रशिक्षण प्रतिष्ठान स्थापना गरिने छ ।

### ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम

नेपालको संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३३ मा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न नेपाल सरकारले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ जारी गरेको छ । ऐनको दफा ८ को उपधारा (१) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने प्रावधान रहेको र उपदफा (३) ले कार्यक्रम सञ्चालनसम्बन्धी अन्य तोकिएबमोजिम हुने व्यवस्था गरेको छ ।

रोजगारीको हक कार्यान्वयन गर्दै मुलुकभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना र उपलब्ध जनशक्तिको अधिकतम् उपयोग गरी आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रमको तर्जुमा गरिएको हो । यो कार्यक्रम २०७५ सालको माघ महिनामा प्रधानमन्त्रीबाट शुभारम्भ भएको थियो र यसको प्रमुख लक्ष्य यस प्रकार छन् ।

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।
(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।
(ग) सरकारी, निजी, सरकारी तथा गैरसरकारी क्षेत्रहरू बीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने ।
(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने ।
(ङ) सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।
(च) आन्तरिक रोजगार सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरू पहिचान गर्ने।

### च) रोजगारीको हकसम्बन्धी कानुनी व्यवस्था

सरकारले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र बेरोजगारीको हकसम्बन्धी नियमावली निर्माण गरेको छ । त्यस्तै गरी प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ स्वीकृत गरेको छ । यसबाहेक पनि उद्योग, कम्पनी र करसम्बन्धी विभिन्न कानुनी व्यवस्थाले रोजगारीको विषयलाई नियमन गरेका छन् । श्रम ऐन, २०७४ ले श्रमिकहरूको न्यूनतम हक अधिकार र रोजगार व्यवस्थापनबारे व्यवस्था गरेको छ ।

## (२) रोजगारी सिर्जना सरकारको भूमिका

सरकारले रोजगारी सिर्जनाका लागि आवश्यक नीतिहरू र कानुनहरू निर्माण गर्दै रोजगारीलाई मौलिक हकका रूपमा समावेश गरेको छ । वार्षिक योजनामा रोजगारी सिर्जना र सीप विकाससम्बन्धी कार्यक्रम, उद्यमशीलता प्रवर्द्धन, न्यूनतम श्रम मापदण्डहरूको पुनः पुष्टि र प्रदेश तथा स्थानीय सरकारलाई प्रोत्साहन दिनेजस्ता कार्यहरू समावेश छन् ।

सरकारले तीन तहको सरकारको कार्यक्रमको रूपमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको छ, जुन देशका स्थानीय पालिकाहरूमार्फत कार्यान्वयन भइरहेको छ । यो कार्यक्रम २०७६/७७ देखि प्रारम्भ भएको हो २०८०/८१ मा ६४ हजार ७३३ युवा लाभान्वित भएका छन्, जसका लागि पाँच अर्ब ४४ करोड ५८ लाख ५४ हजार रूपैयाँ विनियोजन गरिएको थियो । तथापि, कार्यक्रमको प्रभाव र यसको कार्यान्वयन प्रणालीमा प्रश्न उठिरहेका छन्, विशेषतः यसअन्तर्गत केवल बेरोजगारको सानो हिस्साले मात्र रोजगारी पाएको र ७९ दिनको रोजगारी र कमाइले परिवारलाई धान्नका लागि अपर्याप्त भएको देखिन्छ ।

सरकारले मौलिक हक र कानुन नै बनाई रोजगारीको हकको व्यवस्था गरे पनि यसलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा सीमित गरेको छ । युवाहरूले रोजगार पाएका छैनन् मात्र होइन भएका रोजगारी पनि मर्यादित र जीवन धान्नसक्ने खालका छैन । संविधान र रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेको बेरोजगारलाई भत्ता दिलाउने कार्य हालसम्म हुन सकेको छैन ।

सरकारले नीतिमार्फत घोषणा गरेको क्षेत्रगत नीतिहरूलाई सामञ्जस्य गर्ने कार्य हुन सकेको छैन। रोजगारी सिर्जनामा तीन तहको सरकारको समन्वय स्थापित भएको छैन। संविधानको अनुसूचीहरू अन्तर्गतका साझा विषयमा (रोजगारीसँग सम्बन्धित) थप कानुनी व्यवस्था हुन सकेको छैन । सरकारको नीतिमार्फत घोषणा गरिएका निजी क्षेत्रसँग सहकार्य गरी रोजगारी सिर्जना गर्ने, सीप तालिम, उद्यमशीलता प्रवर्द्धन, उत्पादनमुखी शिक्षा प्रणालीको विकास प्रत्येक वर्ष नीति तथा कार्यक्रममा दोहोऱ्याइ रहने विषयका रूपमा रहेका छन् । अपेक्षित प्रतिफल देखिएका छैनन् । देशमा स्वरोजगार गर्ने उद्यमीहरूलाई प्रोत्साहन गर्ने, उनीहरूको पुँजी लगानीमा संरक्षण गर्ने तथा बजार व्यवस्थापन गर्ने कार्य हुन सकेको छैन । सरकारी जागिर र सरकारका परियोजनाका सर्वसाधारणलाई रोजगारी मिलेको छैन, नातावाद र राजनीतिक हस्तक्षेप रहेको छ ।

## (३) रोजगारी सिर्जनामा सरकारको भूमिका र गर्नुपर्ने काम

संविधान तथा रोजगारसम्बन्धी नीतिहरूले रोजगारी सिर्जनामा जोड दिएका छन् । सरकारले २०७१ मा नै नीति बनाई रोजगारी सिर्जनाका कार्यक्रम राखेको छ । अरू सामयिक नीतिहरूमासमेत रोजगारी सिर्जना दोहोऱ्याइएका छन् । तर हालसम्म किन रोजगारी सिर्जना भएनन् ? कुरा स्पष्ट छन् । नीति बनाएरमात्र हुँदैन त्यसलाई व्यवहारमा कार्यान्वयन गर्न जरुरी छ ।

### लगानीमैत्री कानुन र वातावरण

हाम्रो देशमा कम्पनी खोल्न, उद्योग खोल्न र पुँजी परिचालनमा झन्झटिला र लामा प्रक्रिया रहेका छन् । एकातिर छरिएर रहेका कानुनलाई एकीकृत गर्न जरुरी छ भने अर्कोतर्फ तिनीहरूलाई सरलीकृत गर्न जरुरी छ । करसम्बन्धी, श्रमसम्बन्धी र लगानीसम्बन्धी कानुनहरूलाई लगानीमैत्री बनाउन आवश्यक छ । विदेशी लगानी भित्र्याउनु थप कानुनी वातावरण सुधार्न जरुरी छ । कानुनको साथै लगानीको वातावरण बनाउन जरुरी छ । लगानी नाफाका लागि गरिने हो । यसर्थ कर्मचारीतन्त्रमा रहेको भ्रष्टाचारी प्रवृत्ति, राजनीतिक हस्तक्षेप र राजनीतिक दलाललाई चन्दा दिनुपर्ने तथा डनहरूलगायतलाई चन्दा दिनुपर्ने प्रवृत्तिको अन्त्य गर्न जरुरी छ ।

### पुँजी व्यवस्थापन र लगानी

रोजगारी सिर्जनाका लागि पुँजी आवश्यक पर्दछ । ठूला मेघा परियोजनाका लागि थप ठूलो पुँजी आवश्यक पर्दछ । ठूला मेघा परियोजनाका लागि स्वदेशी लगानीमात्र पर्याप्त छैन । रोजगारी सिर्जनाका लागि पुँजी व्यवस्थापन एक प्रमुख पक्ष हो । त्यसपछि लगानीको कुरा आउँछ । कहाँ लगानी गर्ने ? कुन क्षेत्रमा रोजगारी सिर्जना गर्ने ? नेपालले अरूसँग प्रतिस्पर्धा गर्न नसक्ने परम्परागत क्षेत्रभन्दा लगानीका नयाँ क्षेत्रहरू खोज्न आवश्यक छ । जलविद्युत्, पर्यटन र मानव स्रोत विकास नेपालका लगानीका क्षेत्रहरू हुन् सक्दछन् । कुल गार्हस्थ उत्पादनको हिसाबले कृषिको सुधार रोजगारी सिर्जनाका लागि महत्त्वपूर्ण छ ।

### सुशासन

रोजगारी सिर्जनाका लागि सुशासन र पारदर्शिता अर्को महत्त्वपूर्ण पक्ष हो । सुशासनविना विकास सम्भव छैन । त्यो कुरा रोजगारी सिर्जनामासमेत लागू हुन्छ । सुशासनको सुनिश्चितताविना ठूला लगानी भित्र्याउन सम्भव हुँदैन ।

### साना तथा मझौला उद्योगको प्रवर्द्धन

रोजगारी सिर्जनामा नेपालले राष्ट्रिय पुँजीको विकासमा जोड दिन आवश्यक छ । साना तथा मझौला उद्योगको विकासमा सरकारले नीतिगत सुधार गर्न आवश्यक छ । त्यस्ता उद्योगहरूको स्थापना सरलीकरण गर्ने, करहरूमा छुट दिने, नवीकरणमा सहुलियत तथा बजार व्यवस्थापनमा सरकारले ध्यान दिन जरुरी छ । कृषिमा आधारित उद्योगको आधुनिकीकरण र मल, बीउ, ऋणमा सहुलियत, उत्पादनको बजार मूल्य निर्धारण र बजार व्यवस्थापन अति आवश्यक छ ।

### गैरआवासीय नेपालीको पुँजी र आप्रवासी नेपा( लीको सीपको प्रयोग

सरकारले गैर आवासीय नेपालीको पुँजी नेपाल भित्र्याउन ऐन, नीति र कार्यविधि सरल बनाउन आवश्यक छ । उनीहरूलाई नेपाल आउन भिसा नचाहिने, फ्री गर्ने नीति लिनुपर्दछ। त्यस्तै गरी सरकारले राम्रो परियोजना बनाई गैरआवसीय नेपालीहरूलाई लगानीका लागि आह्वान गर्नुपर्दछ । उनीहरूलाई सम्मान र घरसरहको व्यवहार दिनुपर्दछ। त्यस्तै नेपाली आप्रवासी कामदारको सीप देश निर्माणमा प्रयोग गर्न प्रभावकारी पुनःएकीकरण नीति बनाउनुपर्दछ ।

### श्रम मापदण्डहरूको पालना

श्रमिकले अधिकार पाए र सन्तुष्ट भए उसले बढी योगदान गर्न सक्दछ। जसको प्रत्यक्ष असर उत्पादनमा पर्दछ। यसर्थ श्रमिकको अधिकार सुनिश्चित गर्न कानुनी व्यवस्था गर्ने र त्यसलाई व्यवहारमा कार्यान्वयन गर्न जरुरी छ । यसर्थ नेपालले श्रमसम्बन्धी आइएलओका मापदण्डहरूलाई घरेलु कानुनमा समावेश गर्न र पालना गर्न जरुरी छ ।

### प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना

सरकारका नीति र कानुन हेर्दा रोजगारी सिर्जनाको सम्पूर्ण दायित्व प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत गर्न खोजेको देखिन्छ । रोजगारी सिर्जनाको कानुनी दायित्व उक्त एक कार्यक्रमले मात्र पूरा गर्न सक्दैन । त्यसका अतिरिक्त प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालन प्रणाली, छनोट विधि, पारदर्शिता, लगानी तथा प्राप्त प्रतिफल हेर्दा यसमा पुनर्संरचना जरुरी छ। ठूला उद्योगहरू खोली दीर्घकालीन रोजगारीको सिर्जना गर्ने र रोजगारी कार्यक्रमको विविधीकरण जरुरी छ ।

### सरकारी जागिरमा योग्यलाई छनोट

सीमित रहेको सरकारी जागिरमा नातावाद, कृपावाद, घुसखोरी र राजनैतिक हस्तक्षेप रहने गरेको छ । त्यसको अन्त्य गरेर स्वच्छ प्रक्रियाबाट सर्वसाधारणले रोजगारी पाउने हो भने यसले युवाहरूमा आशा जगाउन सक्दछ। यसका साथै यस्तो सरकारी राम्रो अभ्यासले निजी क्षेत्रका रोजगारीलाई समेत प्रतिस्पर्धी र पारदर्शी बनाउँदछ ।

### रोजगारीसँग जोड्ने शिक्षा

अहिलेको शिक्षा प्रणाली बेरोजगार उत्पादन गर्ने तथा व्यावहारिक सीप नसिकाउने शिक्षा प्रणालीको रूपमा आलोचित छ । नेपालको शिक्षा प्रणालीलाई रोजगार र सीपलाई जोड्न आवश्यक छ । निश्चित अवधिको शिक्षा लिएपछि व्यक्ति स्वरोजगार बन्न सक्ने, आफ्नो सीप बेचेर आयआर्जन गर्नसक्ने र उद्यमी बन्न सक्ने शिक्षा प्रणालीको आवश्यकता नेपाललाई छ । यसतर्फ सरकारको ध्यान जान आवश्यक छ ।

*(श्रम कानुनका विज्ञ लुइँटेलको लेख नेपाल आर्थिक पत्रकार समाज-सेजनद्वारा प्रकाशित 'अर्थनीति'बाट साभार)*

# शैक्षिक केन्द्र बन्दै बर्दिवास

■ गोपालप्रसाद बराल

**महोत्तरी–** मधेसको पूर्व-पश्चिम लम्बाइमा करिब मध्यमा पर्ने महोत्तरीको बर्दिवास नगरक्षेत्रलाई शैक्षिक केन्द्र बन्दै छ । यसअघिदेखि विभिन्न संकायका विधामा उच्च शिक्षाको केन्द्र रहँदै आएको बर्दिवासमा भर्खरै पशु स्वास्थ्य विज्ञान संकायको कलेज स्थापनाको प्रक्रिया अघि बढेपछि यो नगरक्षेत्र शैक्षिक केन्द्र बन्न लागेको हो ।

बर्दिवासमा मधेस कृषि विश्वविद्यालयले पशु स्वास्थ्य विज्ञान कलेज बनाउने प्रक्रिया अघि बढाइएको छ । कृषि, पशु स्वास्थ्य विज्ञान, मत्स्यविज्ञान, खाद्य प्रविधि र वन विज्ञानसमेत पाँच विधाको अध्ययन हुनेगरी २०७८ सालमा स्थापित मधेस कृषि विश्वविद्यालयले पशु स्वास्थ्य विज्ञानको पठनपाठन र प्रयोगात्मक अभ्यासका लागि बर्दिवासमा उच्च शिक्षा पूरा गरिने कलेज निर्माण हुन लागेको मधेस कृषि विश्वविद्यालयका रजिस्ट्रार डा. भगवान् ठाकुर बताउँछन् । कलेजका लागि बर्दिवास-१३ विजलपुराको नदी उकास जग्गाबाट ५१ बिघा उपलब्ध गराउने बर्दिबास नगरपालिकाको सिफारिसलाई प्रमुख जिल्ला अधिकारी नेतृत्वको जग्गा दर्ता सिफारिस समितिले निर्णय गरिसकेको प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले बताए ।

'नगरपालिकाले २०७९ पुसमै यो कलेज स्थापनाका लागि राष्ट्रिय योजना आयोगसँग प्रस्ताव लग्यौं, कानुनी प्रक्रिया पूरा गर्दै अघि बढ्दा केही समय लागे पनि अब भने यसले गति समातेको छ,' बर्दिबासका नगरप्रमुख प्रल्हादकुमार क्षेत्री बताउँछन् । सरकारले प्रारम्भिक चरणमै आर्थिक वर्ष २०८०/८१ मा भेटेरेनरी कलेज निर्माणका लागि तीन वर्षे अवधिको क्रमागत योजनाअन्तर्गत नौ करोड ५० लाख रूपैयाँ विनियोजन गरेको थियो । तर त्यतिखेर कलेजका लागि जग्गा प्राप्तिको विषय अघि नबढ्दा अन्योलमा परेको थियो । संघीय सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमा पनि भेटेरनरी कलेजको विषय समावेश गरेको छ ।

जग्गाप्राप्तिको अन्तिम निर्णय भएपछि यसैपालि भेटेरेनरी अस्पताल, पशु शयचा (बिरामी पशु राखिने ठाउँ) प्रयोगशाला र कर्मचारी आवासका संरचना निर्माणको काम तत्कालै थालिने मधेस कृषि विश्वविद्यालयले जनाएको छ । रजिस्ट्रार डा. ठाकुर भन्छन्, 'तीन वर्षभित्र कलेजका संरचना निर्माणका काम सकिने छन्, त्यसलगत्तै पठनपाठन र अभ्यास सुरू गर्न सकिन्छ ।'




बर्दिबास नगर क्षेत्र कृषि र यसअन्तर्गतको पशुपालन व्यवसायको उर्बर ठाउँ भएको हुँदा यहाँ स्थापना हुने पशु स्वास्थ्य विज्ञान कलेजको स्थापनाले उच्च शिक्षा लिनेमात्र नभई सर्वसाधारण किसान पनि लाभान्वित हुने बर्दिबास नगरप्रमुख क्षत्रीको विश्वास छ । 'यहाँ स्थापना भई सञ्चालन हुने भेटेरेनरी कलेजबाट यहाँ पशुपालन व्यवसाय प्रवर्द्धनमा मद्दत पुग्ने छ,' क्षेत्री भन्छन्, 'यहाँबाट उत्पादन हुने पशु स्वास्थ्य विज्ञान विषयका दक्ष जनशक्तिले मुलुककै समृद्धिमा योगदान दिने छन् ।'

बर्दिबासमा अहिले भेटेरेनरी कलेज स्थापनाको कुराले नगर विभिन्न विधाको औपचारिक शिक्षाको मुख्य गन्तव्य (केन्द्र) बन्ने नगरबासीको विश्वास छ । 'हाम्रो नगर शैक्षिक गन्तव्यको मुख्य थलो बन्दै छ,' भेटेरेनरी कलेज स्थापनाको कुराले उत्साहित भएका बर्दिबास जनता बहुमुखी क्याम्पसको प्राज्ञसभाका अध्यक्ष भरतबहादुर हमाल भन्छन्, 'यसले बर्दिबासलाई शैक्षिक गन्तव्यको थलोका रूपमा विकास हुन थप आधार बनाउने छ ।'

बर्दिबासमा यसअघिदेखि नै वाणिज्य र शिक्षा संकायको त्रिविविअन्तर्गतको बर्दिबास जनता बहुमुखी क्याम्पस, प्राविधिक धारतर्फका आठभन्दा बढी विधाको पठनपाठन र अभ्यास हुने निर्मल लामा बहुप्राविधिक शिक्षालय र कृषि विश्वविद्यालय रामपुर सम्बन्धनको कृषि संकायको विभिन्न विधाको पठनपाठन हुने प्राकृतिक स्रोत कलेज सञ्चालनमा छन् । स्नातक तहसम्मका यी शैक्षिक प्रतिष्ठानले बर्दिबासलाई शैक्षिक केन्द्रका रूपमा परिचय दिएको छ । अब भेटेरेनरी कलेज स्थापनाको कुराले यसमा थप बल पुग्ने शिक्षाविद् बर्दिबास-१ का बासिन्दा लिलाविक्रम थापा बताउँछन् ।

शिक्षा संकायमा स्नातकोत्तर र वाणिज्यमा स्नातक तहसम्मको पठनपाठन हुने बर्दिबास जनता क्याम्पसमा अहिले एक हजार ३०० भन्दा बढी छात्रछात्रा अध्ययनरत छन् । यसैगरी स्नातक तहसम्मकै निर्मल लामा बहुप्राविधिक शिक्षालयमा (सिभिल इञ्जिनियरिङ, सर्वे नापी, फुड एण्ड डेरी, होटल म्यानेजमेन्ट, फार्मेसी, वन विज्ञान र आयुर्वेदसहितका आठ विधामा गरी ८०० माथि छात्रछात्रा छन् । यसैगरी प्राकृतिक स्रोत कलेजमा मुलुकककका सातै प्रदेशका ४०० भन्दा बढी छात्रछात्रा छन् । यसबाहेक यहाँका छ माध्यमिक विद्यालयले डिप्लोमा तहका कृषि विज्ञान, पशु स्वास्थ्य र कम्प्युटर विज्ञानसम्बन्धी प्राविधिक धारको पठनपाठन गराउँदै आएका छन् ।

यहाँ नेपाल सरकारको २०७३ सालकै निर्णयले बर्दिबास मेडिकल कलेज निर्माणको प्रक्रियामा छ । मेडिकल कलेजको पूर्वाधार निर्माणको परियोजना कार्यालय नै स्थापना भएर सात जनाको जनशक्ति कार्यरत छ । तर यो कलेज निर्माणको प्रस्तावित स्थल वन अधिनस्थ जग्गा हुँदा अहिले जग्गाप्राप्तिकै कुरा विचाराधीन छ । भेटेरीनरी कलेज स्थापनाको कुराले उत्साहित बर्दिबासवासी मेडिकल कलेजको जग्गाबारे पनि चाँडै निर्णय आउने पर्खाइमा छन् ।

बर्दिबासमा उच्च शिक्षाका लागि सञ्चालित कलेजका अतिरिक्त माध्यमिक तहका सामुदायिक विद्यालय ३० वटा रहेका छन् । बर्दिवास नगर कार्यपालिकाको कार्यालयको शिक्षा शाखाका प्रमुख रेवतीरमण पराजुली भन्छन्, 'उच्च शिक्षामा विभिन्न विधाको पठनपाठनको अवसर यहाँ बन्दै जानुले यो नगर मधेसकै शैक्षिक गन्तव्यका रूपमा विकास हुने क्रममा छ ।' *रासस*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१२**

यस कम्पनीको मिति २०८१/०८/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **यात्री अर्गनाइजेसन प्रा.लि.**/Yatri Organization Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आमा इन्टरनेशनल एजुकेशन सोलुसन प्रा.लि.**/Aama International Education Solution Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आमा इन्टरनेशनल एजुकेशन सोलुसन प्रा.लि.**/Aama International Education Solution Pvt. Ltd. (प्रा.लि.नं.३२७७५१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## लक्ष्य ग्रुप प्रा.लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/२८ मा दर्ता भएको **लक्ष्य ग्रुप प्रा.लि.** (दर्ता नं.२५२७०४) लाई खारेजी (लिक्वीडेशन) कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०९/१० गतेको वार्षिक साधारण सभाको निर्णय बमोजिम खारेजी गर्ने भएकाले यस कम्पनीमा कोही कसैको बाँकी बक्यौता, लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**नरबहादुर भुजेल (लिक्वीडेटर), इजाजत पत्र नं.२३३**
व्लुस्टार कम्पेक्स थापाथली, काठमाण्डौ सम्पर्क नं. ९८५१००४८३१



नेपाल सरकार
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/०८/२१ मा दर्ता भएको प्रा.लि नं ३०३२४६ को **टापु घर हस्पिटालिटी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/११ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।



**गोकर्णेश्वर नगरपालिका**
**गोकर्णेश्वर नगर अस्पताल**
गोकर्णेश्वर वडा नं. ४
बागमती प्रदेश, नेपाल

## बोलपत्र रद्ध गरिएको सूचना

यस अस्पतालबाट मिति २०८१/०५/२३ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाको ठेक्का नम्बर GNH/NCB/2081/082/02 को औषधी तथा सर्जिकल सामाग्रीहरूको प्राविधिक कारणले गर्दा मिति २०८१/०९/०९ गतेको यस अस्पतालको निर्णय बमोजिम उक्त ठेक्का रद्ध गरिएको व्यहोरा बोलपत्रदाताहरु र सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।



## भूल सुधार गरिएको

यस **Kist Human Resource Pvt. Ltd. (Mehandi Overseas Pvt. Ltd.)** को Lot No. 315885 को विज्ञापन मितिः २०८१/०९/१२ को राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा भूलबस २०८१/०९/१० को प्रभाव दैनिक (वर्ष ११ अंक २३९)मा प्रकाशित हुन गएकोले उक्त सूचना रद्द गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

Kist Human Resource Pvt.Ltd.
Govt.Lic. No. 1157/073/074
Sinamangal-9, Airport, Kathmandu, Nepal, Tel : +977-01-4581856
E-mail : kisthumanresources1157@gmail.com, Web.www.kisthumanresource.com



## राहदानी हरायो

मिति २०८१/०८/०३ गते बुढानिलकण्ठदेखि बाँसबारीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **सृजना राई**
राहदानी नं : **PA1700404**
ठेगानाः **उदयपुर**
फोन नं : **९८१५७९९९३५**



## कतारमा रोजगार

कम्पनी : **RESALA CARE COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315982 | चलानी नं. ६०२३०२६४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Nurse | 0 | 7 | 4200 | १५७,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २१ र २२ गते (5 & 6 Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALI OVERSEAS PVT. LTD. — Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

## बागमती प्रदेश काठमाडौं जिल्लाको कागेश्वरी मनोहरा नगरपालिका वार्ड नम्वर ६ मा निर्माण तथा सञ्चालनका लागि प्रस्तावित मुलपानी अन्तराष्ट्रिय क्रिकेट रंगशाला र एकेडेमी आयोजना प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/१२**

प्रस्तावक श्री राष्ट्रिय खेलकुद परिषद् त्रिपुरेश्वरले बागमती प्रदेश काठमाडौं जिल्लाको कागेश्वरी मनोहरा नगरपालिका वार्ड नम्वर ६ मा निर्माण तथा सञ्चालनका लागि प्रस्तावित मुलपानी अन्तराष्ट्रिय क्रिकेट रंगशाला र एकेडेमी आयोजना प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गरेको छ । प्रस्तावित आयोजनाको क्षमता अभिवृद्धि (क्षेत्रफल, दर्शक क्षमता, पानीको खपत) फेरबदल हुने भएकाले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गरिएको छ । प्रस्तावित आयोजना सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

१. आयोजनाको नाम: मुलपानी अन्तराष्ट्रिय क्रिकेट रंगशाला र एकेडेमी
२. स्थान: बागमती प्रदेश काठमाडौं जिल्लाको कागेश्वरी मनोहरा नगरपालिका वार्ड नम्वर ६

| | | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको | प्रस्तावित पूरक वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदनमा उल्लेख भएको |
|---|---|---|---|
| ३. | DPR अनुसार आयोजनाले ओगट्ने क्षेत्रफल | १,१८,२०३.६४ वर्गमिटर | १,०६,९९७.८८ वर्गमिटर |
| ४. | मुख्य संरचनाहरुको विवरण | खेल मैदान- १ १७,५९८.०२३ वर्गमिटर,खेल मैदान-२ १५,३३५.९६ वर्गमिटर, प्यारापिट १,७२२.४३ वर्गमिटर, बाटो क्षेत्र ९,५८०.४६ वर्गमिटर, खुल्ला क्षेत्रफल र हरियाली क्षेत्रफल ३५,४४६.०३ वर्गमिटर, सवारी पार्किङ्ग क्षेत्र ६,६९६.८२ वर्गमिटर फोहोर उत्सर्जन ४२.५ किलोग्राम प्रतिदिन (निर्माण चरण) र १९५० किलो ग्राम प्रतिदिन (पूर्ण सञ्चालन चरण),आवश्यक पानी निर्माण चरण ४०,००० लिटर प्रतिदिन र सञ्चालन चरणमा ३०,००० लिटर प्रतिदिन | खेल मैदान-१ १७,६७१.४५० वर्गमिटर, खेल मैदान-२ १५,३०५.९७ वर्गमिटर , प्यारापिट - नर्थ ग्यालरी १२६४.७ वर्गमिटर, ईस्ट ग्यालरी १०६२.३३ वर्गमिटर, साउथ ग्यालरी १४७१५.५१ वर्गमिटर, वेस्ट ग्यालरी १०४६.५६ वर्गमिटर, बाटो क्षेत्र १४९३७.७५ वर्गमिटर, खुल्ला क्षेत्रफल र हरीयाली क्षेत्रफल २७,८९५.५६ वर्गमिटर, सवारी पार्किङ्ग क्षेत्र ४०३२.९६ वर्गमिटर फोहोर उत्सर्जन ५१ किलोग्राम प्रतिदिन (निर्माण चरण) र २६६५ किलोग्राम प्रतिदिन (पूर्ण सञ्चालन चरण) आवश्यक पानी निर्माण चरण ५०,००० लिटर र सञ्चालन चरणमा ६०,००० लिटर प्रतिदिन |
| ५. | कुल निर्मित क्षेत्र र दर्शक क्षमता | १४,४८७.०६ वर्गमिटर र १५,००० जना | २४,५४८.९४ वर्गमिटर र २१,०३४ जना |

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढन वा उतार गरी लैजान पाउने व्यवस्था रहेकाले श्री राष्ट्रिय खेलकुद परिषद् त्रिपुरेश्वर प्रस्तावक रहेको मुलपानी अन्तराष्ट्रिय क्रिकेट रंगशाला र एकेडेमी आयोजना प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा र वन तथा वातावरण मन्त्रालयको Web Site: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचना द्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:**

| | |
|---|---|
| श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।<br>श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर ।<br>श्री पुस्तकालय, सङ्घीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।<br>श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।<br>श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं । | श्री नेपाल आदिवासी तथा जनजाति महासंघ, कुसुन्ती, ललितपुर ।<br>श्री जिल्ला समन्वय समितिको कार्यालय, बबरमहल, काठमाडौं ।<br>श्री कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यापालिकाको कार्यालय, डाँछी, काठमाडौं ।<br>श्री राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वर, काठमाडौं । |

**राय सुझाव पठाउने ठेगाना:**
**श्री वन तथा वातावरण मन्त्रालय, वातावरण प्रभाव अध्ययन शाखा,**
**सिंहदरबार, काठमाडौं फो.नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११८६८**



शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१।०९।१२)

यस कार्यालयबाट वार्ड न.१० स्वास्थ्य चौकि भवन निर्माण कार्य लागि बिधुतिय खरिद प्रणालिको (इ बिडङ) माध्यमबाट मिति २०८१।०८।०७ गतेका दिन बोलपत्र आवहान गरिएकोमा उक्त ठेक्काको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये निम्न बोलपत्रदाताको बोलपत्र यस कार्यालयको बोलपत्र मुल्यांकन समितिले परीक्षण एवं मुल्यांकन गरी सिफारिस गरे अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उप-दफा (८) अनुसार न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही रही स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | SMP/2080/081/NCB/BG/17 | वार्ड न.१० स्वास्थ्य चौकी भवन निर्माण । | १ श्री जयमाँ डिलाशैनी निर्माण सेवा बेल्डाडी गा.पा., वार्ड न.१ | २२३६६७६।५३ |

कार्यालय प्रमुख



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना १२ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीले रियल स्टेट अधिविकर्ष कर्जा शिर्षक अन्तगर्त लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **तिरुपति मेटल इन्डष्ट्रिज प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : विकाश अग्रवाल
दर्ता नं. : १७७३५२/०७४/०७५
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं दर्ता मिति : २०७७/०८/१०
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. १ स्थायी लेखा नं. : ६०६८६१५६४

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गिरधारी लाल अग्रवालको नाति विश्वनाथ अग्रवालको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **विकाश अग्रवाल** (ना.प्र.नं. : ३७१०२३/४३६२० जारी मिति र जिल्ला : २०६७/१०/२०, रुपन्देही)

२) चिरन्जीबी लालको नाति गिरधारी लाल अग्रवालको छोरा रुपन्देही जिल्ला भैरहवा वडा नं. ५ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **विश्वनाथ अग्रवाल** (ना.प्र.नं. : २६४२ जारी मिति र जिल्ला : २०३०/०९/२९, रुपन्देही)

३) छबिल दास अग्रवालको छोरी गिरधारी लाल अग्रवालको बुहारी विश्वनाथ अग्रवालको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **गायत्री देवी अग्रवाल** (ना.प्र.नं. : ३७-०१-७५-०८१४१ जारी मिति र जिल्ला : २०७५/०६/१०, रुपन्देही)

४) गिरधारी लाल अग्रवालको नाति विश्वनाथ अग्रवालको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **विक्रम अग्रवाल** (ना.प्र.नं. : ३७१०२३/४३६२१ जारी मिति र जिल्ला : २०६७/१०/२०, रुपन्देही)

५) पलटा चौधरीको नाति नन्दराम चौधरीको छोरा नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. ५ बस्ने **योगेश सिंह थारु** (ना.प्र.नं. : ३६-०१-७५-००५४१ जारी मिति र जिल्ला : २०७५/०१/३०, नवलपरासी)

६) पलटा चौधरीको नाति नन्दराम चौधरीको छोरा नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. ५ बस्ने **शरद चौधरी** (ना.प्र.नं. : ३६-०१-७२-००८२३ जारी मिति र जिल्ला : २०७२/०२/०५, नवलपरासी)

७) बाथु चौधरीको छोरी पलटा चौधरीको बुहारी नन्दराम चौधरीको पत्नी नवलपरासी जिल्ला बर्दघाट वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. ५ बस्ने **दुरपति थरुनी** (ना.प्र.नं. : ७९५८२ जारी मिति र जिल्ला : २०४५/०३/१६, नवलपरासी)

८) नन्दराम चौधरीको नातिनी जोग नारायण थारु चौधरीको छोरी नवलपरासी जिल्ला दाउन्नेदेवी गा.बि.स. वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १४ बस्ने **मिना कुमारी चौधरी** (ना.प्र.नं. : ३६-०१-७१-०२७५३ जारी मिति र जिल्ला : २०७१/०५/१०, नवलपरासी)

९) लछन थारुको नाति पलटा चौधरीको छोरा नवलपरासी जिल्ला माकर वडा नं. ९ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १४ बस्ने **नन्दराम चौधरी** (ना.प्र.नं. : ६२१४ जारी मिति र जिल्ला : २०४३/०३/०६, नवलपरासी)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०७/१३ को हिमालय टाइम्स पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/०८/२० को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (वि.क.धु.) |
|---|---|---|---|---|
| विश्वनाथ अग्रवाल | रुपन्देही जिल्ला सिद्धार्थनगर वडा नं. ६ | १०४०२३७०६ | १५१ | ०-२-१४.६९ |
| विकाश अग्रवाल | रुपन्देही जिल्ला मैनहिया वडा नं. ३ | ३ ख | ७२४ | ०-३-० |
| | | ३ ख | ६९९ | ०-१-० |
| | | १ ख | १९१ | ०-१-४ |
| नन्द राम चौधरी | नवलपरासी जिल्ला माकर वडा नं. ९ | ९ घ | १०१५ | ०-१९-५ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१/०९/२६ गते शुक्रबार भित्र यस बैकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०९/२८ गते आइतबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# प्रभाव दैनिक

शुक्रबार, १२ पुस २०८१ (Friday, December 27, 2024)


रूपशाला

## ट्रेलरमा चलचित्र 'एक्टर'

आउँदो माघ ४ गतेबाट देशभर एकसाथ प्रदर्शनमा आउने चलचित्र 'एक्टर'को ट्रेलर सार्वजनिक भएको छ । आधुनिक परिवेशमा प्रेम, रोमान्स, थ्रिलर्स सस्पेन चलचित्र 'एक्टर'का निर्माता पत्रकार मनोहरी थापा हुन् । 'एक्टर'मा प्रिन्स थापा, शिवानी गीरी, कशिस दाहाल, कृष्ण मल्ल, सरोज खनाल, शिबु शाह, निशा केसी भण्डारी, महेन्द्र मैनाली लगायतका कलाकारको अभिनय छ । चलचित्रमा सम्राट थापाको कथा तथा संगीत रहेको छ । मदन घिमिरेको निर्देशन रहेको 'एक्टर' नेपाल डाइस्पोरा इन्टरटेनमेन्टको व्यानरमा निर्माण भएको हो ।



# 'दुखी आत्मा' जापानमा पनि प्रदर्शन हुने



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'दुखी आत्मा' जापानमा पनि प्रदर्शन हुने भएको छ । फिल्म जापानका लागि यूएनए इन्टरटेन्मेन्टले खरिद गर्दै जापान प्रदर्शन निश्चित गरेको हो ।

यूएनएका प्रमुख उज्वल गुरागाँइले 'दुखी आत्मा'को जापानमा उच्च माग भएकाले खरिद गरेको बताए ।

नेपालमा फागुन २ गतेबाट रिलिजमा आउन लागेको फिल्मलाई जापानमा पनि सोही मितिमा रिलिज गरिने गुरागाईंले जानकारी दिए ।

दीपेन्द्र लामा निर्देशित फिल्ममा दयाहाङ राई, आँचल शर्मा, अनुप विक्रम शाही, वुद्दि तामाङ, रेअर राई, लोकेन्द्र लेखक, आशान्त शर्मा लगायतका कलाकारको अभिनय छ ।

सुदीप ढकाल कार्यकारी निर्माता रहेको फिल्ममा हिमाल कडरियाको लगानी छ । क्लकवर्क क्रियशनको ब्यानरमा निर्माण भएको फिल्मलाई आलोक शुक्लाले खिचेका हुन्, भने निमेष श्रेष्ठले सम्पादन गरेका हुन् । फिल्मको अन्य देशबाट पनि माग भइरहेको निर्माता कडरियाले जानकारी दिए ।

# चैत २९ मा 'नरसिंहा : अवतार'

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'नरसिंहा : अवतार' आगामी चैत्र २९ गतेबाट प्रदर्शनमा आउने भएको छ ।

दीवाकर भट्टराइको लेखन तथा निर्देशन रहेको फिल्मबाट अभिनेता राजेश हमालको कमब्याक गर्दैछन् ।

फिल्ममा हमालको अलवा राज कटुवाल, नीति शाह, सनिषा भट्टराई, प्रशान्त ताम्राकार लगायतका कलाकारहरूको अभिनय छ । फिल्ममा नेम महर्जन, दीपक शर्मा ढकाल, ध्रुव न्यौपाने र नरेन्द्र महर्जनको लगानी छ ।

फिल्ममा नीर शाह, सरोज खनाल, राजीव मानन्धर, सुशान्त श्रेष्ठ, उषा खड्गी, राजीव जंग बस्नेत, प्रकाश कुँवर, अमित गिरी, रमेश सोडारी, सरोज शाह, अमित श्रेष्ठ लगायतका कलाकारहरूको पनि अभिनय छ । फिल्मलाई एप्पल इन्टरटेन्मेन्ट, रिच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले देशभरका हलमा वितरण गर्दैछन् ।

# काठमाडौं तताएर फर्किए सोनु निगम



■ भेषराज कार्की

**काठमाडौं–** नेपाली गीतसंगीत प्रेमी माझ परिचित नाम हो, सोनु निगम । 'यो जिन्दगीले', 'फूलको डाली डालीमा', 'यो मायाले हेरन' लगायतका नेपाली भाषाको गीत गाउनु भएका निगमले नेपालमा भने पहिलोपाटक क्रिसमसको अवसर पारेर कन्सर्ट गरी भारत फर्किइसकेका छन् ।

बौद्धस्थित ह्यात चौरमा आयोजित 'सोनु निगम लाइभ इन नेपाल' नामक सांगीतिक कार्यक्रम उनले 'उकाली ओराली गर्दै' गीत गुनगुनाउँदै प्रस्तुतीको आरम्भ गरे । उनको पर्खाइमा रहेका दर्शकलाई नेपाली गीत सुन्दा आफ्नोपनको आभास भयो ।

भारतबाटै आएका आफ्नो २१ जना सांगीतिक समूहसँग गायक निगमले झन्डै साढे दुई घण्टा प्रस्तुति दिए । उनले आफू नेपाली गीत गाइरहेता पनि यसरी साक्षात्कार गर्ने मौका भने पहिलोपटक पाएको स्टेजबाटै बताए । उनले नेपाली दर्शकले दिएको माया र साथको बेलाबेलामा प्रसंशा गरिरहे । 'नेपाली सत्कारको लागि मात्र सुरका पनि धनी छन् । यहाँ मलाई गाएर साथ दिने स्वरहरू सुरिला सुनिएका छन् । यस्ता दर्शक देख्दा मलाई उर्जा प्राप्त हुन्छ । म निकै खुसी छु, यहाँ आएँ र गाईरहेको छु', गायक निगमले भने ।

बाल्यकालदेखि नै व्यावसायिक रूपमा गायन यात्रा थाल्नु भएका निगमले आफूले स्टेजमा गाउँन थालेको '४७ वर्ष' पुगेको बताए । 'यो वर्ष मैले गाएको ४७ औं वर्ष हो । यसकारण पनि नेपाल आउँदा म निकै खुसी छु । नेपाली गीतमार्फत तपाईहरू (नेपाली) सँग साक्षात्कार भएको थियो, अहिले यस्तो भव्य रूपमा प्रस्तुती दिन पाएँ', गायक निगमले भने ।

उनी गीत गाउँदागाउँदै बेलाबेलामा दर्शकलाई आफ्नो कुरा भन्ने गर्दथे । शास्त्रीय संगीतमा विशेष दखल भएका गायक निगमलाई सन् १९९७ मा प्रदर्शन भएको चलचित्र 'बोर्डर' मा समावेश गीत 'सन्देशे आती है' ले पार्श्वगायनमा स्थापित गरेको थियो । त्यसपछि उनको सांगीतिक यात्राले समातेको लय अहिलेसम्म कायम छ ।

यसैवर्ष गत तिहारमा प्रदर्शन भएको 'भूल भुलैया ३' मा उनले स्वर दिएको 'मेरे ढोलना सुन' बोलको गीत अहिले गीतसंगीत प्रेमी माझ लोकप्रिय छ । यसकारण पनि गायक निगम अघिल्लो मात्र नभई नयाँ पुस्ता माझ पनि परिचित गायक हुन् । उनलाई नेपाल ल्याउनु कारण नै यही रहेको आयोजक नेपाली टच नेपालका निर्देशक अभिनाश घिमिरेले बताए ।

'सुरज हुवा मधम', 'सोनियो ओ सोनियो', 'कहानी' लगायतका गीतमा दर्शकले दिएको साथले उनलाई उर्जाशील बनायो । 'मेरो सुन्ने गीतमै तपाइँहरूले गाएर र नाचेर साथ दिए । अब म तपाइँलाई नचाउन आफ्ना डान्सिङ गीत प्रस्तुत गर्नेछु । म यसको लागि नै माहिर छु, जस्तो लाग्छ । आउनुस्, मस्ती गरौं' यति भनेपछि गायक निगमले आफ्ना 'फास्ट नम्बर' भनिने नृत्य गर्ने गीतहरू प्रस्तुत गरे ।

उनले 'दिल मागता है दिलदार सोनिए', 'साथिया', 'दिल दिवाना', 'देखा तुमको जबसे', 'दिल डुबा' जस्ता गीत गाउँदा कार्यक्रम हेर्न पुगेका सबै समूहका दर्शक नाच्न बाध्य भएका थिए । विशेषत सन् १९९० देखि २०२४ सम्मका गीतलाई मिश्रण गरेर गाउँदा दुवै उमेर समूहका दर्शकले 'इन्जोय' गरे ।

गायक निगमले नेपालको बारेमा आफूले बाहिर कार्यक्रम गर्दा धेरै सुनेको बताए । 'उहाँ (सोनु निगम) ले धेरै नेपाली गीत गाउनुभएको छ । तर, नेपालमा यस्तो कन्सर्ट भएको रहेनछ । सोही कारण हामीले उहाँलाई क्रिसमसमा नेपाली माँझ प्रस्तुत गरेका हौं । हामीले अपेक्षा गरे झैं उहाँलाई प्रत्यक्ष सुन्न सबै वर्ग र उमेरसमूहका दर्शक आउनुभयो । यो कमै गायकले गर्न सक्नुहुन्छ । उहाँलाई प्रत्यक्ष सुन्नुको अनुभव बेग्लै रह्यो', निर्देशक घिमिरेले बताए ।

गायक निगमलाई प्रत्यक्ष सुन्न गायक प्रमोद खरेल पनि ह्यात चौर पुगेका थिए । गायक निगमको गायकी प्रशंशकसँगै संगीत प्रेमी माझ पनि लोकप्रिय छ । उनले स्टेजमा गाउने गीतमा समेत सुर र ताल मिलेको प्रतिक्रिया आउने गरेको छ । साथै, गायक निगमले आफ्नै गीतलाई भिन्न तरिकाले प्रस्तुत गर्छन् । कार्यक्रमको उत्तरार्धमा उनले आफ्ना सदाबहार गीतहरू 'कल होना हो' गाए । यो गीतलाई उनले आफ्नो जीवनकै महत्वपूर्ण गीत भन्छन् । *रासस*

## रंगशाला

# यु–१९ क्रिकेट : महिला टिमको बन्द प्रशिक्षण सुरु



■ प्रभाव संवाददाता

**भरतपुर–** महिला यु-१९ विश्वकपको लागि नेपाली टिमको बन्द प्रशिक्षण यहाँ सुरु भएको छ । भरतपुर महानगरपालिका वडा नम्बर १५ मा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको नमूना खेल मैदानमा बुधबारदेखि प्रशिक्षण सुरु भएको हो ।

आगामी माघ ५ गतेदेखि महिला यु-१९ विश्वकप प्रतियोगिता मलेसियामा हुँदैछ । त्यसको तयारीस्वरूप चितवनमा पुस २२ गतेसम्म बन्द प्रशिक्षण जारी रहने महिला यु-१९ का प्रमुख प्रशिक्षक महेशप्रसाद रिजालले जानकारी दिए । बन्द प्रशिक्षणमा 'ब्याटिङ, बलिङ, फिटनेस'लाई ध्यान दिइने उनले बताए ।

टोलीका व्यवस्थापक विनोद दासले चितवनको क्रिकेट मैदान अन्तर्राष्ट्रियस्तरको रहेकाले यहाँ प्रशिक्षणको व्यवस्था गरिएको बताए । भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले नेपाली टोलीको सफलताको कामना गर्दै प्रशिक्षार्थीलाई महानगरका तर्फबाट आवश्यक सहयोग गर्न तयार रहेको बताइन् ।

नेपाल क्रिकेट सङ्घ (क्यान)का उपाध्यक्ष रोशन सिंहले भरतपुर महानगरपालिकाको प्रयास र क्यानका अध्यक्षको समन्वयमा चितवनमा बन्द प्रशिक्षण गर्न लागिएको बताए । उनले सन् २०२७ मा नेपालमा हुने महिला यु-१९ विश्वकप निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा गर्न क्यान सकारात्मक रहेको बताए ।

बन्द प्रशिक्षणमा सहभागी १८ जना खेलाडीसहितको टोली यही पुस २७ गते प्रतियोगितामा भाग लिन मलेसिया प्रस्थान गर्नेछ । नेपाली टोलीले जनवरी १८, २० र २२ मा क्रमशः बंगलादेश, स्कटल्याण्ड र अष्ट्रेलियासँग स्पर्धा गर्नेछ ।

## योनेक्स सनराइज नेपाल इन्टरनेसनल च्यालेन्ज

# मलेसियालाई तीन विधामा उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौमा भएको योनेक्स सनराईज नेपाल इन्टरनेशनल च्यालेन्ज २०२४ मा मलेसियाले तीन विधामा उपाधी हात पारेको छ ।

मलेसियाले पुरुष युगल, महिला युगल र मिक्स युगल तर्फको उपाधी उचालेको हो । पुरुष युगल तर्फ मलेसियाका लाउ यी शेंग र ली यी बो को जोडीले भारतका च्यानित जोशी र मायांक रानाको जोडीलाई २१-१४, २१-२३, २१-१७ ले पराजित गर्दै उपाधीमा आफ्नो नाम लेखाएका हुन् ।

यस्तै महिला युगल तर्फ किसोना सेल्भादुरे र याप रु चेनको जोडीले थाईल्याण्डका कोडचापोर्न चाईचाना र पन्नवी पोलियमको जोडीलाई २१-१३, २१-१४ र मिस्क युगल तर्फ लाउ यी शेंग र याप रु चेनको जोडीले थाईल्याण्डका नोन्ताकोर्न थोंग अन र कोड्चापोर्न चाईचानाको जोडीलाई २१-१८, २१-११ को अन्तरले पराजित गर्दै उपाधी कब्जा गरेका हुन् ।



नेपाल ब्याडमिन्टन संघको आयोजनामा भएको च्यालेन्जको पुरुष एकल तर्फ भारतका मेरादबा लुवांग मैसनामले भारतकै बी.एम. राहुल भारद्वाजको जोडीलाई २१-१७, २१-१६ ले पराजित गर्दै उपाधी उचाले ।

महिला एकल तर्फ थाईल्याण्डकी ललिनरात चाईवानले उपाधी जितिन् । चाईवानले भारतकी इरा शर्मालाई २२-२०, २१-१२ ले पराजित गर्दै उपाधी जितेकी हुन् । प्रत्येक विधाका बिजयी खेलाडीले नगद १२ सय डलर, ७२० डलर र ३ सय डलर प्राप्त गरे ।

बिश्व ब्याडमिन्टन महासंघ र ब्याडमिन्टन एशियाको स्विकृतीमा योनेक्स सनराईज नेपाल च्यालेन्ज २०२४ मा बिश्वका ५ महादेशका नेपाल सहित २२ देशका १७४ खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए ।

### जुनियर सिरिज आजबाट

नेपाल ब्याडमिन्टन संघकै आयोजनामा योनेक्स सनराईज नेपाल जुनियर अन्तराष्ट्रिय सेरिज २०२४ आज (शुक्रबार)बाट हुने भएको छ ।

त्रिपुरेश्वरस्थित कभर्डहलमा हुने तीन दिने सिरिजमा जसमा नेपाल सहित भारत, न्युजिल्याण्ड, मलेशिया, थाईल्याण्ड, ईरान, युनाईटेड अरव ईमिरेट्सका खेलाडीहरूको सहभागिता रहने छ ।

सिरिजमा पुरुष/महिला एकल तथा युगल र मिक्स युगल गरि ५ विधामा ९९ खेलाडीहरूले प्रतिस्पर्धा गर्ने छन् । जसमा नेपाली ८ महिला र ८ पुरुष खेलाडीको सहभागिता रहनेछ । पुरुष एकलमा ३२ जना, महिला एकलमा २१ जना, मिक्स युगलमा १७ जोडी, पुरुष युगलमा १८ जोडी र महिला युगलमा १२ जोडीले प्रतिस्पर्धा गर्नेछन् ।

# एनआरटी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**पाँचथर–** न्युरोड टिम (एनआरटी) क्लब फिदिममा जारी ११औं फाल्गुनन्द गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ ।

फिदिम माध्यमिक विद्यालयको खेलमैदानमा बिहीबार भएको क्वार्टरफाइनलमा सल्हेश युवा क्लब सिरहालाई टाइब्रेकरमा ५-४ गोलअन्तरले पराजित गर्दै न्युरोड अन्तिम चारमा पुगेको हो ।

निर्धारित समयमा दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको छिनोफानो ट्राइब्रेकरमा गरिएको थियो । टाइब्रेकरमा एनआरटीका कृतिशरत्न



छुर्ज, अभिषेक लिम्बू, कार्लोस, सरोज तामाङ र अञ्जन विष्टले गोल गरे । सल्हेशका कुलदीप कार्की, विवेक राई, दोर्जे तामाङ र फागुराम थारुले गोल गरे । तर, विदेशी खेलाडी हेनरीको प्रहार एनआरटीका गोलरक्षक प्रेमजय गच्छदारले बचाए ।

म्यान अफ द म्याच एनआरटीका अभिषेक घोषित भए । उनले १० हजार रूपैयाँ प्राप्त गरे । योसँगै सेमिफाइनलको समीकरण पूरा भएको छ । शुक्रबार पहिलो सेमिफाइनलमा आयोजक फिदिम स्पोर्टिङ क्लब र चर्च बोइज युनाइटेड भिड्ने छन् ।

शनिबार एनआरटीले मछिन्द्र क्लबको सामना गर्ने छ । फाइनल खेल यही पुस १५ गते हुने छ ।

# जापान एयरलाइन्समा साइबर आक्रमण

**टोकियो–** जापान एयरलाइन्सले बिहीबार साइबर आक्रमणको रिपोर्ट गरेको छ । एयरलाइन्सले यसबाट घरेलु र अन्तर्राष्ट्रिय उडानहरूमा ढिलाइ भएको तर पछि उक्त कारण पत्ता लगाएर समाधान गरेको बतायो ।

एयरलाइन्सको ब्यागेज चेक-इन प्रणालीमा समस्याहरूले धेरै जापानी विमानस्थलमा एक दर्जनभन्दा बढी उडानमा ढिलाइ भएको तर कुनै सामूहिक रद्द वा ठूलो अवरोध नभएको सार्वजनिक प्रसारक एनएचकेले बतायो । जापान एयरलाइन्स (जेएएल) अल निप्पन एयरवेज (एएनए) पछिको देशको दोस्रो ठूलो एयरलाइन्स हो ।

'हामीले समस्याको कारण पत्ता लगायौं र सम्बोधन गर्‍यौं । हामी प्रणाली पुनःस्थापना स्थितिको जाँच गरिरहेका छौं,' जेएएलले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एक पोस्टमा भन्यो, 'आज प्रस्थान गर्ने दुवै घरेलु र अन्तर्राष्ट्रिय उडानको बिक्री स्थगित गरिएको छ । कुनै पनि असुविधाका लागि हामी माफी चाहन्छौं ।'

यसअघि बिहीबार जेएएलका प्रवक्ताले कम्पनीमाथि साइबर आक्रमण भएको बताएका थिए । स्थानीय समयानुसार बिहीबार बिहान ७:२४ बजे नेटवर्क अवरोध सुरु भएको जेएएलले विज्ञप्तिमा जनायो । 'त्यसपछि बिहान ८:५६ बजे हामीले अवरोध सिर्जना गरिरहेको राउटर (नेटवर्कहरूबीच डेटा आदानप्रदान गर्ने उपकरण) लाई अस्थायीरूपमा अलग गर्‍यौं,' विज्ञप्तिमा उल्लेख छ ।

यो खबर सार्वजनिक भएपछि जेएएलको सेयर बिहानको कारोबारमा २.५ प्रतिशतसम्म घट्यो । त्यसपछि केही सुधार भयो । एयरलाइन्स साइबर आक्रमणबाट प्रभावित हुने पछिल्लो जापानी कम्पनीमात्र हो ।

जापानको अन्तरिक्ष एजेन्सी जाक्साले सन् २०२३ मा अज्ञात संस्थाहरूले साइबर आक्रमण गरेर प्रवेश गरेको तर रकेट वा स्याटेलाइटबारे कुनै संवेदनशील जानकारी प्राप्त नभएको बताएको थियो । सोही वर्ष जापानको व्यस्त बन्दरगाहहरूमध्ये एक नागोया बन्दरगाह र्‍यान्समवेयर आक्रमणबाट प्रभावित भएको थियो । यसको दोष रुसमा आधारित साइबर अपराध संगठन लकबिटलाई दिइएको थियो ।

जापानको साइबर टच्याक्सविरुद्धको रक्षाका लागि जिम्मेवार एजेन्सी नेसनल सेन्टर अफ इन्सिडेन्ट रेडिनेस एन्ड स्ट्राटेजी फर साइबरसिक्योरिटी (एनआइएससी) ले सन् २०२३ मा नै ह्याकरहरूले नौ महिनासम्म घुसपैठ गरेको बताएको छ । सन् २०२२ मा सरकारले टोयोटा आपूर्तिकर्तामा अवरोधको पछाडि साइबर आक्रमण भएको बताएको थियो । यसले शीर्ष बिक्री हुने अटो निर्मातालाई एक दिनका लागि घरेलु कारखानाहरूमा सञ्चालन रोक्न बाध्य तुल्याएको थियो ।

हालै लोकप्रिय जापानी भिडियो साझेदारी वेबसाइट निकोनिकोले ठूलो स्तरको साइबर आक्रमणको प्रभावमा परेको भन्दै जुन महिनामा आफ्ना सेवाहरू स्थगित गरेको थियो । *रासस/एएफपी*

# विशाल महोत्सवमा ४० करोड तीर्थयात्रीका लागि भारत तयार

**प्रयागराज (भारत)–** भारतको पवित्र नदीहरूको किनारमा हिन्दू धार्मिक पर्वका लागि एउटा अस्थायी सहर निर्माण भइरहेको छ । यो यति विशाल हुने अपेक्षा गरिएको छ कि यो अन्तरिक्षबाट देख्न सकिन्छ । यो इतिहासको सबैभन्दा ठूलो भेला हो ।

छ हप्ता लामो कुम्भ मेलाका क्रममा संयुक्त राज्य अमेरिका र क्यानाडाको संयुक्त जनसंख्याभन्दा बढी ४० करोड तीर्थयात्रीका लागि भारतीय अधिकारीहरूले तयारी गरिरहेका बेला प्रयागराजका नदीहरूमा पन्टुन पुलहरूको लाइन पछि लाइन फैलिएको छ । पवित्र गंगा, यमुना र पौराणिक सरस्वती नदीहरूको संगमस्थलमा प्रत्येक १२ वर्षमा एकपटक धार्मिक श्रद्धा र अनुष्ठान स्नानको सहस्राब्दी पुरानो पवित्र कार्यक्रम आयोजना गरिन्छ ।

तर जनवरी १३ देखि फेब्रुअरी २६ सम्मको यो संस्करण एक मेगा आकर्षण हुने अपेक्षा गरिएको छ किनकि यो ग्रहहरूको विशेष पंक्तिबद्धतासँग मेल खाने छ । चार हजार हेक्टर (१५ वर्ग माइल) मा फैलिएको स्थानमा दिन-रात मेहनत गर्ने मजदुरहरूको सेनामध्ये एक अन्त्यहीन विद्युतीय केवलहरूका लागि खाडल खन्ने क्रममा मजदुर बाबु चन्दको निधारमा पसिनाको मोती चम्कन्छ । 'यति धेरै भक्तहरू आउँदै छन्,' मेलाका लागि महान कार्यको काम गरिरहेको बताउने ४८ वर्षीय चन्दले भने, 'मलाई लाग्छ कि मैले मेरो योगदान गरिरहेको छु- मैले जे गरिरहेको छु त्यो एउटा पवित्र कार्यजस्तो देखिन्छ ।'

## शुद्ध विश्वास

उत्तरी राज्य उत्तर प्रदेशको पहिले इलाहाबाद भनिने प्रयागराजको बाढी मैदानमा म्यानहट्टनको दुईतिहाइ क्षेत्रफल बराबरको विशाल तम्बु (पाल) सहर निर्माण भइरहेको छ । 'करिब ३५ देखि ४० करोड भक्तजनले मेलाको भ्रमण गर्ने छन्, त्यसैले तपाईंले तयारीको स्तर कल्पना गर्न सक्नुहुन्छ,' महोत्सवका प्रवक्ता विवेक चतुर्वेदीले भने । कुम्भका लागि तयारी गर्नु भनेको नयाँ देश स्थापना गर्नुजस्तै हो । यसमा सडक, प्रकाश, आवास र ढलको आवश्यकता पर्छ ।

'यस कार्यक्रमलाई अद्वितीय बनाउने कुरा यसको आकार र कसैलाई निमन्त्रणा नपठाइने तथ्य हो... सबैजना आफ्नै इच्छाले आउँछन्, शुद्ध विश्वासले प्रेरित भएर,' चतुर्वेदीले भने, 'विश्वमा कतै पनि तपाईंले यो आकारको जमघट देख्नुहुन्न, यसको एक-दशांश पनि ।'

साउदी अरेबियाको मक्कामा वार्षिक हज तीर्थयात्रामा करिब १८ लाख मुस्लिमले भाग लिन्छन् । चतुर्वेदीका अनुसार कुम्भका संख्याहरू अकल्पनीय छन् । करिब एक लाख ५० हजार शौचालय निर्माण गरिएका छन्, ६८ हजार एलइडी बत्तीका खम्बाहरू खडा गरिएका छन् र सामुदायिक भान्साघरहरूले एकै समयमा ५० हजार मानिसलाई खाना दिन सक्छन् । धार्मिक तयारीका साथसाथै प्रयागराजले ठूलो पूर्वाधार सुधार गरेको छ । प्रधानमन्त्री नरेन्द्र मोदी र राज्यका मुख्यमन्त्री योगी आदित्यनाथको विशाल पोस्टरहरूले सहर ढाकेका छन् । दुवै सत्ताधारी हिन्दू-राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) का हुन् । उनीहरूको राजनीति र धर्म गहिरो रूपमा जोडिएको छ ।

## अमरत्वको अमृत

कुम्भ मेला एउटा प्राचीन उत्सव हो । यसको उत्पत्ति हिन्दू पौराणिक कथाहरूमा निहीत छ । नदीहरूको संगममा डुबुल्की लगाउनाले आफ्ना पापहरू पखालिने र 'मोक्ष' प्राप्त गर्न मद्दत गर्ने हिन्दूहरू विश्वास गर्छन् । यसले उनीहरूलाई जन्म र मृत्युको चक्रबाट मुक्त गर्ने छ । पौराणिक कथाहरूअनुसार अमरत्त्वको अमृत भएको घडा वा 'कुम्भ' लाई लिएर देवताहरू र राक्षसहरूले युद्ध गरे । युद्धको क्रममा चार थोपा अमृत पृथ्वीमा खस्यो । एक थोपा प्रयागराजमा खस्यो । अन्य, थोपा हरिद्वार, नासिक र उज्जैनमा खसेका थिए । यी तीन सहरमा घुम्ती कुम्भ मेला अन्य वर्षहरूमा आयोजना गरिन्छ । तर, प्रयागराजमा प्रत्येक १२ वर्षमा आयोजित मेला सबैभन्दा ठूलो हो ।

आयोजक अधिकारीहरूले यसलाई महान् वा 'महाकुम्भ' मेला भनिरहेका छन् । अधिकारीहरूका अनुसार सन् २०१९ मा प्रयागराजमा भएको अन्तिम कुम्भ मेलामा २४ करोड भक्तजन देखिएका थिए । तर, त्यो सानो 'अर्ध' वा आधा मेला थियो र यो मेला मुख्य कार्यक्रमको बीचमा हुन्छ ।

'जब तपाईं कुम्भको बारेमा कुरा गर्नुहुन्छ, तपाईंले खगोल विज्ञानको बारेमा कुरा गर्नुपर्छ,' ६९ वर्षीय इतिहासकार हेरम्ब चतुर्वेदीले भने, 'बृहस्पतिले एक वर्षमा एउटा राशि चिह्न पार गर्छ, त्यसकारण जब यसले १२ राशि चिह्न पूरा गर्दछ, तब त्यो कुम्भ हुन्छ ।' उनका अनुसार उत्सवको मुख्य भाग 'ज्ञानी र विद्वान, गरिब र असहायलाई' दान दिनु हो ।

## नागा साधुहरू

केही तीर्थयात्री पहिल्यै आइपुगेका छन् । यिनीहरूमा नागा साधुहरू छन् । यी घुमन्ते साधु दुर्गम पहाड र जंगलबाट हप्तौंसम्म हिँडेर आएका छन् । यिनीहरू प्रायः ध्यानमा समर्पित हुन्छन् । यिनीहरूले जनवरी १३ मा पहिलो दिनदेखि सुरु हुने छवटा सबैभन्दा शुभ स्नान मितिमा बिहानै चिसो नदीको पानीमा जाने नेतृत्व गर्ने छन् । 'म जनतालाई आशीर्वाद दिन यहाँ आएको छु,' जटा बाँधेर नांगै बसेका ९० वर्षीय नागा साधु दिगम्बर रमेश गिरीले भने, 'तपाईंले आफ्नो हृदयमा जे चाहना गर्नुहुन्छ त्यो कुम्भमा प्राप्त गर्नुहुन्छ ।' *रासस/एएफपी*


## हार्दिक श्रद्धाञ्जली



जन्म
२००४/०८/१८

स्वर्गारोहण
२०८१/०८/२३

**स्व. साङ्गे छोतर शेर्पा**

ठेगाना:- खुम्बु पासाङ ल्हमु गा.पा.-५ थामे
हाल:- का.म.न.पा.-६ चुच्चेपाटी काठमाडौं

यस शेर्पा सेवा केन्द्रको संरक्षक सदस्य श्री साङ्गे छोतर शेर्पाको ७७ बर्षको उमेरमा असामयिक निधन भएकोले आज २१ औं दिनको पून्य तिथिमा दिवंगत आत्मको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गेल्जे लामा**
अध्यक्ष
तथा
**सम्पूर्ण शेर्पा सेवा केन्द्र परिवार**
बौद्ध, टुसाल, काठमाडौं

## भावपूर्ण श्रद्धाञ्जली



**स्व. पी. एल. सिंह**

सादा जीवन उच्च विचारका धनी नेपालको प्रजातान्त्रिक आन्दोलनका एक अथक योद्धा, काठमाडौं महानगरपालिकाका रचनाकार, प्रथम मेयर एवम् निष्ठावान नेता **पी.एल.सिंह**को निधनको तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**कृष्ण कार्की**
प्रबन्ध निर्देशक
तथा
**प्रभाव दैनिक परिवार**

### साउदीमा रोजगार
कम्पनी : ESAD For Human Resources Management
पूर्व स्वीकृति मिति : २०८१/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 295808 | चलानी नं. ६०२१०९३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1600 | ५७,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 5 | 0 | 1000 | ३६,२१० | | | | | | | |
| 3 | Office And Facility Cleaning Worker | 2 | 0 | 1000 | ३६,२१० | | | | | | | |
| 4 | Waiter | 9 | 0 | 1300 | ४७,०६५ | | | | | | | |

कम्पनी : Global Specialized Transportation Compny
पूर्व स्वीकृति मिति : २०८०/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 302111 | चलानी नं. ६०२१७००३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080

### साउदीमा रोजगार
कम्पनी : Hussain Ali Al Lubbad And Partner Company
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315978 | चलानी नं. ६०२३०२७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 13 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Alfarooque Overseas Pvt .Ltd.**
Basundhara, (Infront of police station), Kathamandu, Nepal, Contact: 01- 4961373, 9843653970, 9851279430, E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com
श्रम ईजाजत नं: १२६०/०७४/७५

### जापानमा रोजगार
कम्पनी : Kuroshio Business Cooperative Asociation
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315905 | चलानी नं. ६०२३०२५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing & Wrapping Laborer | 1 | 2 | 160160 | १३७,९८५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ५०,००० | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Google Overseas Pvt.Ltd**
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४

### कतार/युएइमा रोजगार
कम्पनी : CONCORDE HOTEL
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316147 | चलानी नं. ६०२३०२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour/Factor | 3 | 0 | 1300 | ४८,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 3 | 1400 | ५२,३६५ | | | | | | | |

कम्पनी : Careerline for Employment
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316136 | चलानी नं. ६०२३०३००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 800 | २९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 3 | Mason (Nepal) | 50 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 4 | Steal Fixer | 50 | 0 | 1200 | ४४,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

### युएइमा रोजगार
कम्पनी : AL SAQR BLDG. CLEANING SREVICES
पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | LT. No. 315885 | चलानी नं. ६०२३०१६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 28 | 0 | 1000 | ३६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kist Human Resource Pvt.Ltd.**
Govt.Lic. No. 1157/073/074
Sinamangal-9, Airport, Kathmandu, Nepal, Tel : +977-01-4581856, Fax +977-1-4599252
E-mail : kisthumanresources1157@gmail.com, Web.www.kisthumanresource.com

### कुवेतमा रोजगार
कम्पनी : FarmLand General Trading Co.
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315976 | चलानी नं. ६०२३०२७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Labor | 15 | 0 | 100 | ४४,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 15 | 0 | 150 | ६६,१७५ | | | | | | | |
| 3 | Merchandiser | 13 | 0 | 150 | ६६,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १९ गते (3rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं.** ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- | --- |
| | प्रति तोला – १५०३०० | प्रति तोला – ० | प्रति तोला – १८०० |



**स्याउको रूख काँटछाँट** | मुस्ताङमा यतिबेला किसानहरू स्याउको रुख काँटछाँट गर्न व्यस्त। स्याउको राजधानीको रूपमा परिचित मुस्ताङमा हिउँदयाम सुरु भएलगत्तै स्याउको बाली व्यवस्थापन गर्न जरुरी हुन्छ। *तस्बिरः सुशीलबाबु थकाली/रासस*

# डिजेल आयात घट्यो, पेट्रोल बढ्यो

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज नाकाबाट डिजेल आयात घटेको छ भने पेट्रोल पैठारी बढेको छ। चालु आर्थिक वर्षको पाँच महिनामा डिजेलको आयात एक दशमलव १३ प्रतिशतले घटेको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

सो अवधिमाराजस्व सङ्कलनमा पनि छ दशमलव ९१ प्रतिशतले गिरावट आएको छ। आव २०८१/८२ को पाँच महिनामा ३२ अर्ब ३५ करोड २६ लाख ८८ हजारको तीन लाख ६६ हजार सात सय १९ किलोलिटर डिजेल आयात भएको थियो।

गत आवको सोही अवधिमा भने रु ४० अर्ब ३६ करोड ५० लाख १५ हजारको तीन लाख ७० हजार नौ सय २० किलोलिटर डिजेल आयात भएको थियो। चालु आवको पाँच महिनाको अवधिमा डिजेल आयात घटे पनि पेट्रोल आयातमा भने वृद्धि भएको छ।

चालु आवको पाँच महिनाको अवधिमा रु १६ अर्ब २१ करोड दुई लाख २७ हजार पर्ने एक लाख ८८ हजार तीन सय ४५ किलोलिटर पेट्रोल आयात भएको छ। गत आवको सोही अवधिमा भने रु १६ अर्ब ३९ करोड ८० लाख ६० हजार पर्ने एक लाख ६२ हजार ४६ किलोलिटर पेट्रोल आयात भएको थियो। गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलको आयात १६ दशमलव २३ प्रतिशत र राजस्वको आधारमा भने १२ दशमलव ५२ प्रतिशतले बढेको उक्त कार्यालयले जनाएको छ।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात हुने गरेको छ भने पेट्रोल ट्याङ्करबाट नै पैठारी हुँदै आएको छ। नेपाल आयल निगमले यो महिनाभित्रै पेट्रोल र मट्टितेल पनि पाइपलाइनबाट ल्याउने गरी तयारी थालेको जनाएको छ।

यसैबीच, नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले पूर्वाधार निर्माणको समय सुरु भएकाले अब क्रमशः पेट्रोलियम पदार्थको खपत वृद्धि हुने बताएका छन्।

# दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**दैलेख–** दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको काम अन्तिम चरणमा पुगेको छ। खानी तथा भूगर्भ विभागका अनुसार हिजो बुधबारसम्म तीन हजार नौ सय तीस मिटर 'ड्रिलिङ' सम्पन्न भएको छ। अब ७० मिटर मात्र खन्न बाँकी छ।

दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा गत वैशाख २८ गतेदेखि पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणका लागि ड्रिलिङ प्रारम्भ भएको थियो। विभागका पेट्रोलियम परियोजना प्रमुख गणेश नाथ त्रिपाठीका अनुसार यसै महिना ड्रिलिङ सक्ने लक्ष्यका साथ काम भइरहेको छ।

चिनियाँ प्राविधिक टोलीले पहिलो चरणमा 'सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे' तोकिएकै समयमा सम्पन्न गरेको थियोभने ड्रिलिङको काम पनि निर्धारित समय अगावै सम्पन्न गरिने उनले बताए। चीन सरकारको रु दुई अर्ब ५० करोड अनुदानमा यो परियोजना कार्यान्वयनमा छ। परियोजनाअन्तर्गत ड्रिलिङका लागि भैरवी गाउँपालिका-१ जलजलेमा ४५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो। चिनियाँ र नेपाली गरी ८० जनाको समूहले उत्खनन गरिरहेको छ। विभाग, चाइना जियोलोजिकल सर्भे तथा सिबु ड्रिलिङ इन्जिनियरिङ कम्पनी परियोजना कार्यान्वयनमा व्यस्त छन्।

## भैरहवामा 'एएनपिआर' जडान

**लुम्बिनी (प्रस)–** सिमावर्ती सहर भैरहवालाई सुरक्षित बनाउन अत्याधुनिक विद्युतीय प्रणाली जडान गरिएको छ। भैरहवालाई व्यवस्थित र सुरक्षित बनाउन सिद्धार्थनगर नगरपालिकाले 'अटोमेटिक नम्बर प्लेट रिकोग्नाइजेशन सिस्टम' (एएनपिआर) जडान गरेको हो।

सवारी दुर्घटना र अन्य अपराधमा संलग्न व्यक्तिको पहिचान गर्न एएनपिआर जडान गरिएको जनाइएको छ। नगरपालिका प्रमुख ईस्तियाक अहमद खाँले अत्याधुनिक प्रविधिले ट्राफिक व्यवस्थापनसँगै सुरक्षा निकायलाई अपराध नियन्त्रणमा समेत सहयोग पुग्ने बताए।

# व्यापारीले बगानबाटै उठाउँछन् देउपुरका सुन्तला

**पर्वत–** सुन्तला उत्पादनका लागि प्रख्यात पर्वतको देउपुरका कृषकलाई आजभोलि सुन्तला बिक्री गर्न भ्याइनभ्याइ छ। यहाँ काठमाडौँ, पोखरा, नारायणगढदेखि बुटवलबाट व्यापारीहरू बगानमै सुन्तला किन्नका लागि आउने गरेका छन्। मोदी गाउँपालिका-२ देउपुरमा चार वर्षअघिसम्म सहकारीमार्फत बिक्री गर्दै आए पनि पछिल्ला वर्षहरूमा भने कृषकले आफ्नै ढंगले व्यापारीसँग कारोबार गर्ने गरेका छन्। पहिले माछापुच्छ्रे सुन्तला सहकारी संस्थामार्फत बिक्री गरे पनि अहिले निजी हिसाबले नै बिक्री गर्न थालेका अगुवा कृषक दाताराम चापागाईंले जानकारी दिए।

सुन्तला टिप्नका लागि व्यापारीका प्रतिनिधिहरूको चहलपहल बढ्दो छ। स्थानीय शिक्षक भूमिराज शर्मा सुन्तला टिप्ने र लैजानेहरूका कारण यहाँ मेला लागे जस्तै हुने गरेको र थोक व्यापारीले बगैंचाबाट नै खरिद गरेपछि कृषकलाई पनि सहज भएको बताउँछन्। 'देउपुरका धेरैजसो सुन्तला यसपटक पोखरा पुगेका छन। केही नारायणगढ, काठमाडौँ र बुटवल तथा स्थानीय बजारमा बिक्री हुने गर्छन्', उनले भने।

यहाँका किसानमध्येये स्थानीय ब्यामराज पौडेलले सुन्तला बिक्रीबाटै राम्रो आम्दानी गर्छन्। उनले गत वर्ष रु पाँच लाखको सुन्तला बिक्री गरेका थिए। एक वर्ष बढी उत्पादन भयो भने अर्को वर्ष कम उत्पादन हुने भएकाले यसवर्ष केही कम कारोबार हुने उनको भनाइ छ। यहाँका अधिकांश किसानले व्यापारीलाई बगैंचा नै जिम्मा लगाउने गरेका छन्। त्यसमध्ये भोजकुमारी चापागाईं, बाबुराम तिमिल्सिनासमेत छन्। दैनिकजसो ट्रकहरू आएर सुन्तला टिपेर लैजाने गरेको स्थानीय प्रकाश चापागाईंले बताए।

यहाँका सबै किसानको कारोबारको कुरा गर्दा गतवर्ष करिब रु पाँच करोडका सुन्तला बिक्री भएका थिए। यसपटक पनि सोही हाराहारीमा कारोबार हुने अपेक्षा गरेका छन्। व्यवसायीले बगैंचामै 'ग्रेडिङ' गरेर सुन्तला लैजान थालेको कृषक दाताराम चापागाईंले बताए।

विगत दुई दशकदेखि गरिएको व्यावसायिक सुन्तला खेतीबाट यहाँका कृषकले मनग्य आम्दानी गर्दै आएका छन्। परम्परागत रूपमा कोदो र मकै लगाउने गरेका यहाँका कृषकहरूले सुन्तलाखेती गरेपछि जीवनस्तरमा समेत परिवर्तन आएको बताउन थालेका छन्। *रासस*

## कर्पोरेट

### ज्योति विकास बैंकलाई 'एक्सिलेन्स इन डिजिटल ट्रान्ज्याक्सन्स' अवार्ड



**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले उत्कृष्ट डिजिटल सेवाको साथै सबैभन्दा बढी डिजिटल कारोबार गर्दै विद्युतीय भुक्तानीलाई प्रोत्साहन गरेकोमा नेपाल क्लियरिङ हाउस लिमिटेडद्वारा एक्सिलेन्स इन डिजिटल ट्रान्ज्याक्सन्स अवार्डबाट सम्मानित भएको छ। क्लियरिङ हाउसको १६औं वार्षिकोत्सवको अवसरमा आयोजित विशेष कार्यक्रमका बीच नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले ज्योति विकास बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकाललाई विकास बैंकहरू मध्ये उत्कृष्टताको लागि यो प्रतिष्ठित अवार्ड प्रदान गरेका हुन्।

ज्योति विकास बैंकले प्रविधिमैत्री र ग्राहक केन्द्रित सेवाहरूलाई प्राथमिकतामा राख्दै डिजिटल ट्रान्सफर्मेशन र नवीनतम प्रविधि मार्फत नेपालको डिजिटल बैंकिंग क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै सबल र सुदृढ डिजिटल बैंकिङ निर्माणलाई निरन्तरता दिंदै आएको छ। बैंकले ग्राहकहरूलाई सुविधाजनक र सुरक्षित पहुँच प्रदान गर्ने अनलाइन र मोबाइल बैंकिंग प्लेटफर्महरूलाई सुव्यवस्थित गर्दै विभिन्न आधुनिक डिजिटल बैंकिंग सेवा र सुविधाहरू उपलब्ध गराउँदै आएको छ। बैंकले विकास बैंकहरूमा पहिलोपटक भ्वाइस अडियो बक्स क्यूआर सेवा सुचारु गरी क्यूआर मर्चेन्टहरूको सहजता सुनिश्चित गरेको छ।

डिजिटल बैंकिंगको प्रयोग बढेसँगै बैंकले सोहि प्रक्रियामा आवश्यक पर्ने पासवर्ड, पिन, ओटीपी कोड र अन्य गोप्य विवरण सुरक्षित राखी कारोबार गर्न र वित्तीय ठगी विरुद्ध सचेत हुन जोड दिएको छ। संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ।

स्वस्थ्य र सुदृढ जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ॰ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले ५१ वटा न्यानो नानी मार्फत हरेक वर्ष १८८७ भन्दा बढी नेपाली शिशुहरूको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ। यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ। ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिंग सेवा उपलब्ध गराउँदै आइरहेको छ।

### हुन्डाई आयोनिक–५ गिनिज वर्ल्ड रेकर्ड्समा

**काठमाडौं (प्रस)–** हुन्डाई मोटर कम्पनीको अवार्ड-विजेता हुन्डाइ आयोनिक-५ ले विद्युतीय कारद्वारा सबैभन्दा ठूलो उचाइ परिवर्तनको लागि प्रतिष्ठित गिनिज वर्ल्ड रेकर्ड्स शीर्षक प्रयासमा भाग लिएको छ।

हुन्डाई मोटर इन्डिया लिमिटेड (एचएमआईएल) द्वारा आयोजना गरिएको र इभो इन्डियाको पेशेवर टोलीद्वारा संचालित हुन्डाई आयोनिक ५ ले ५,८०२ मिटरको उचाइ परिवर्तन दर्ता गरी उल्लेखनीय कीर्तिमान कायम गरेको हो। यात्रा भारतको उच्चतम ड्राइभ योग्य बिन्दु, लेह लद्दाखको उम्लिङ लाबाट सुरु भयो, जुन समुद्री सतहबाट ५,७९९ मिटर उचाइमा अवस्थित छ, र केरलाको कुट्टानाडमा समाप्त भयो, जुन समुद्र




सतहभन्दा तीन मिटर तल अवस्थित छ। ४,९०० किलोमिटरभन्दा बढीको दूरी कभर गर्ने, चुनौतीपूर्ण भू-भाग र चरम मौसमी अवस्थाको सामना गर्दै र हुन्डाई आयोनिक ५ को लचिलोपन, उन्नत प्रविधि र उत्कृष्ट कार्यसम्पादनलाई साँच्चै देखाउँदै, १४ दिनमा असाधारण उपलब्धि हासिल गरेको थियो। यात्रा भरि बिजुली गतिशीलतामा बेन्चमार्कको रूपमा आफ्नो स्थितिको पुनः पुष्टि गरेको थियो।

४,९०० किलोमिटरभन्दा बढीको दूरी कभर गर्ने, चुनौतीपूर्ण भू-भाग र चरम मौसमी अवस्थाको सामना गर्दै र हुन्डाई आयोनिक ५ को लचिलोपन, उन्नत प्रविधि र उत्कृष्ट कार्यसम्पादनलाई साँच्चै देखाउँदै, १४ दिनमा असाधारण उपलब्धि हासिल गरिएको थियो। यात्राभरि, हुन्डाइ आयोनिक-५ ले बिजुली गतिशीलतामा बेन्चमार्कको रूपमा आफ्नो स्थितिको पुनः पुष्टि गरेको छ।

सार्वजनिक सेवा लिंदा ध्यान दिऔं

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैंले लिऔं, बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपागता भएका तथा अशक्त व्यक्तिहरुलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ